नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

वर्ष ३ • अंक १५९ • २०८२ साल वैशाख १० गते बुधबार • Wednesday 23, April 2025 • सूर्योदय: बिहान ५:३४ बजे • सूर्यास्त: साँझ ६:३३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## सहकारीका व्यवस्थापक पक्राउ

**मधेशदृष्टि**
**राजविराज ।**
शुभलाभ सहकारी संस्था लिमिटेडका व्यवस्थापक प्रशान्त झा पक्राउ परेका छन् । राजविराज–३ निवासी ४४ वर्षीय झा मंगलबार ठगी तथा आपराधिक विश्वासघात मुद्दामा पक्राउ परेका हुन् । सप्तरी जिल्ला अदालतबाट मुद्दामा पक्राउ पूर्जी जारी भएपछि झालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । मंगलबार नै अदालतबाट पाँच दिनको म्याद थपेर झामाथि थप अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । संस्थाको राजविराज नगरपालिका–३ मा कार्यालय छ ।

# आमाले खुवाइन् तीन बालबालिकालाई विष
# शल्यक्रियाबाट गर्भको बच्चा बचाउन सफल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
समाज कठोर र क्रूर बनिरहेको छ । कल्पनै गर्न नसकिने घटनाले बाँकी समाज अरु आक्रान्त छ । यस्तै भएको छ मधेश प्रदेशको राजधानी जनकपुर रहेको धनुषामा पनि ।

शहीदनगर नगरपालिका वडा नम्बर ५ स्थित बासुदेवपट्टीमा ३० वर्षीया बबिता साहले छोराछोरीलाई विष खुवाएको घटनाले सिंगा देश तरंगित भएको छ । दुःखको कुरो, विष खाएका ६ वर्षीय छोरा आदित्य, ४ वर्षीया छोरी आकृति र २ वर्षीया छोरी आरुसीको मृत्यु भएको छ । बालबच्चालाई विषादि खुवाएपछि आफूले पनि विष सेवन गरेकी बबिताको प्रादेशिक अस्पताल जनकपुरमा उपचार जारी छ । उनी भेन्टिलेटरमा छिन् । घटना सोमबार साँझ ६:४० बजेको हो । घरमा बबिताले तीन जना छोराछोरीलाई विष खुवाएर आफूले पनि आत्महत्या गर्ने उद्देश्यले विष खाएकी खुलेको छ । स्थानीयले तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुर्याएर प्रहरीमा खबर गरेका थिए । उपचारक्रममै तीन बालबालिकाको मृत्यु भएको हो । ९ महिनाकी गर्भवती बबिताको पेटमा रहेको शिशुको भने शल्यक्रिया गरी बचाउन सफल भएको छ । घरायसी विवादकै कारण बबिता यो मनस्थितिमा पुगिन् कि भन्ने अनुसन्धानमा देखिएको छ ।

## सिक्री नपाउँदा विवाहमण्डपबाट भाग्नेलाई ६ महिना जेल

**मधेशदृष्टि**
**वीरगंज ।**
विवाहमा सुनको सिक्री, मोटरसाइकल नपाएको भन्दै विवाहमण्डपमै झगडा गरेर विवाह भाँड्नेहरुको दिन गएका छन् । अब यस्ता घटनामा छोरीचेलीका अभिभावकले मात्रै तनाव लिनु पर्ने दिन अन्त्य भएको छ । सुनको सिक्री पाइएन भनेर विवाहमण्डपमै विवाह भाँडेर हिँडेका दुलाहा र उनका परिवारलाई पर्सा जिल्ला अदालतले ६–६ महिना जेल सजाय फैसला गरेको छ ।

एक वर्षअघि दाइजोमा सुनको सिक्री नपाएको निहुँमा मण्डपबाट हिँडेका बेहुला, उनका बुबासहितका पाँच जनालाई पर्सा जिल्ला अदालतका न्यायाधीश मोहन सुवेदीको इजलाशले विवाहसम्बन्धी कसुरमा ६ महिना कैद सजाय र जनही ५ हजार रुपैयाँ जरिवाना गरेको छ । विवाहमा बेहुला पक्षले दाइजोमा लिएको नगद ५ लाख ६५ हजार रुपैयाँ बेहुली पक्षलाई फिर्ता दिन आदेश भएको छ । २०८० फागुन २८ गते वीरगंज महानगरपालिका वडा नम्बर २४ रामगढवामा बेहुलीको घरमा वैवाहिक समारोह चलिरहकै बेला बेहुलाले सुनको सिक्री मागेको विषयमा बेहुली पक्षसँग विवाद हुदाँ कुटपिटसमेत भई विवाह नै भाँडिएको थियो । बेहुला, उनका बुबा, दुई दाजु र भिनाजुसहित पाँच जनालाई प्रहरीले बेहुलीको घरबाटै नियन्त्रणमा लिएको थियो। २०८० फागुन २९ मा बेहुली पक्षले दिएको जाहेरीका आधारमा पक्राउ परेका बेहुला बारा, कलैया–४ का २८ वर्षीय उमेश साह, बुबा ६० वर्षीय बच्चालाल साह गोढ, दाजुहरु ४२ वर्षीय राकेश कुमार साह, ४० वर्षीय मुकेश कुमार साह र भिनाजु बारा, परवानीपुर–५ का ४५ वर्षीय रामएकबाल साहविरुद्ध विवाहसम्बन्धी कसूरमा प्रहरीले मुद्दा दर्ता गरेको थियो । केहीदिनपछि पर्सा जिल्ला अदालतले धरौटीमा उनीहरुलाई रिहा गरेको थियो । एकवर्षपछि जेल सजाय भएको हो ।

वीरगंज–२४ रामगढवास्थित बेहुलीको घरमा बनाइएको विवाहको जग्गेमा सामाजिक परम्परा अनुसार वैवाहिक विधि चलिरहेका बेला विवाद भई बेहुला र बेहुली पक्षबीच कुटाकुटसमेत भएको थियो । त्यसपछि बेहुला उमेश विवाह नगर्ने भन्दै जग्गेबाट उठेर हिँडेका थिए ।

# सधैँ चर्चा पाउने ‘मधेश आश्रम’ अर्थात् जनकपुरको ‘एउटा घर’



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले आफ्ना निलम्बित कोषाध्यक्ष सुरेन्द्र यादवमाथि मुद्दा दर्ता गराएपछि पार्टी भित्रको सम्पत्ति विवाद अहिले चरम अवस्थामा पुगेको छ ।

निलम्बित कोषाध्यक्ष यादवलाई राउतकै योजनामा ठगी र आपराधिक विश्वासघातको कसुरमा पक्राउ गरिएपछि तत्कालीन अनुशासन आयोगका प्रमुख दीपकुमार साहले पार्टी अध्यक्षमाथि १० बुँदे आरोप लगाएपछि राउतको सम्पत्ति हत्याउने महत्वाकांक्षा सार्वजनिक भएको हो ।

मधेश आश्रम नाम दिइएको घर निर्माण राउतकै योजनामा भएको र त्यसक्रममा करोडौँ रकम उठाइएको दाबी छ । अहिले सोही प्रकरणमा यादवलाई पक्राउ गराइएको साहको दाबी छ । राउतले जनकपुरधामको घर दाजु जयकान्त राउतका नाममा नामसारी गरिदिन कोषाध्यक्ष यादवमाथि पटकपटक दबाब दिएको र यादवले नमानेपछि उनलाई मुद्दा दर्ता गराएर पक्राउ गरिएको हो ।

यादव पक्राउ परेपछि जनकपुरधामको बल्वामा रहेको घर फेरि एकपटक चर्चामा आएको छ । तर यसपटक मात्रै होइन, यसअघि पनि यो घर चर्चामा आएको थियो । राउत बस्दै आएको जनकपुरधामको यो घरमा कुनै समय बाटोको समस्या थियो, बाटो नबनाएका कारण नेपाल खानेपानी तथा ढल निकास कार्यालय जनकपुरधामका कार्यालय प्रमुख राजेश्वर कुशवाहालाई मोसो दलेर नगर परिक्रमा गराइएको थियो ।

त्यो बेलासमेत यो घर चर्चामा आएको थियो । एकपटक फेरि यो घर चर्चामा आएको छ । अहिले यादवले सम्पत्ति आफ्नो दाजुका नाममा दर्ता गराउन दबाब दिएपछि चर्चामा आएको हो । यादवलाई समानुपातिक सूचीमा राख्न ५० लाख रुपैयाँ मागिएको र सिके राउतको इमाडोलको घर बनाउन पनि ‘मधेश लोट चले’ भन्ने नारासहित भ्रष्टाचार गरिएको आरोप विज्ञप्तिमा छ । राउतले विभिन्न ठाउँमा विभिन्न व्यक्तिका नाममा सम्पत्ति जोडेका छन् । जसमध्ये यादव पनि एक हुन् । उनको नाममा समेत विभिन्न ठाउमा सम्पत्ति छ । जसलाई अहिले राउतले फिर्ता माग्न थालेका छन् ।

सबै आर्थिक अनियमिततामा अध्यक्ष सिके राउतको संलग्नता रहेको भन्दै योजनाबद्ध षड्यन्त्रको हिस्साअनुरूप सुरेन्द्र यादवलाई आर्थिक लेनदेनमा पक्राउ गरेर राउतको भ्रष्टाचार लुकाउन खोजिएको साहले उल्लेख गरेका छन् । राउतमाथि पुरानो कार्यकर्ता र तत्कालीन स्वतन्त्र गठबन्धनदेखि नै आवद्ध रहेकाहरु भ्रष्टाचार र सम्पत्तिको लोभीको आरोप लगाउन थालेपछि राउतले आफ्ना नजिकका व्यक्तिहरुबाट तत्कालीन समयमा प्रहरीले पक्राउ गरेको हत्कडी लगाएको जस्ता भावनात्मक पोष्ट गराउन थालेका छन् ।

साहले आफ्नो समाजिक सञ्जालमा लेखेका छन्, ‘महाठगको संघर्षले मात्र पार्टी बनेको होइन । आफ्नो छलले सबैलाई बर्बाद गर्नेलाई कुनै उदारता सही हुँदैन । त्यो विनाशको बदला लिन आवश्यक छ कि सिके राउतले मधेशलाई बर्बाद पारेका छन्, उनको नक्कली तस्बिरबाट मूर्ख नबन्नुहोस्, उनले तस्बिरहरू केबल भावनाहरूसँग खेल्न प्रयोग गरिरहेका छन् ।’

# शर्मा एमालेको महानगर अध्यक्ष



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेको वीरगंज महानगर कमिटीमा नवराज शर्मा अध्यक्ष निर्वाचित भएका छन् । सुन्दर कुर्मीलाई ५५ मतले फरक पार्दै मतदानबाटै शर्मा अध्यक्ष बनेका हुन् ।

मंगलबार भएको निर्वाचनमा शर्मा र कुर्मीले प्यानलै बनाएर भाग लिएका थिए । शर्माको प्यानललाई वीरगंज महानगरपालिकाका पूर्वमेयर विजय कुमार सरावगीको समर्थन थियो भने कुर्मीको प्यानललाई पर्सा अध्यक्ष विश्वम्भर शर्मा, सांसद प्रभु हजारा र निर्मला देवकोटाको समर्थन थियो ।

शर्माले १ सय ५१ मत प्राप्त गरे । कुर्मी ९६ मतमा अड्किए । उपाध्यक्षमा रामकिशोर सिंह (पराग) विजयी भएका छन् । जले आलम अन्सारीलाई परास्त गर्दै उनी विजित भए । सचिवमा लियाकत अली विजयी भएका छन् । उनले अनिश अन्सारीलाई पराजित गरे । नगर कमिटीमा शर्माको प्यानलबाट उपसचिवमा जयनारायण सिंह कुर्मी र बिमला श्रीवास्तव, लेखा समिति अध्यक्षमा अजय कुमार साह र सचिवमा राघव पटेल विजयी भएका छन् ।

त्यसैगरी सदस्यमा बासुदेव प्रसाद, देवकुमार सर्राफ र महिला सदस्यमा सितामैया श्रेष्ठ विजयी भएका छन् ।

मंगलबार बिहान साढे ८ बजेदेखि नयाँ नेतृत्व चयनका लागि मतदान भएको थियो र दिउँसो २ बजे सम्पन्न भएको नेकपा एमाले पर्साका सचिव महेश दासले जानकारी दिए ।

मनोनयनको ११ दिनपछि वीरगंज महानगर कमिटीमा नयाँ नेतृत्वका लागि मतदान भएको हो । मनोनयनकै दिन वीरगंजमा कर्फ्यू लागेपछि निर्वाचन स्थगन गरिएको थियो । मतदानमा २ सय ५६ मतदातामध्ये २ सय ४८ जनाले मत दान गरे ।

# शिक्षक आन्दोलनमा, पालिकाका १३ विद्यालय नै सञ्चालनमा



*कार्यविधि नै बनाएर बेलैमा पालिकाबाट एक सय शिक्षा परिचालक भर्ना गरेका थियौँ । सबै शिक्षक आन्दोलनमा काठमाडौँ जाँदा पढाइ र भर्ना अभियान प्रभावित भएको छैन, पालिकाका सबै विद्यालयमा पढाइ चलिरहेको छ ।*
*– जयकुमार यादव*
*अध्यक्ष, मुखियापट्टी मुसहरनियाँ गाउँपालिका, धनुषा*







**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शिक्षकहरुको आन्दोलनले केन्द्रीय राजधानी काठमाडौँ तातेको चौथो हप्ता हुँदैछ । देशभरका शिक्षकहरु काठमाडौँ पुगेपछि विद्यालयको नयाँ शैक्षिक सत्र प्रभावित भएको छ । विद्यार्थी भर्ना अभियान अस्तव्यस्त भएको छ । नयाँ शैक्षिक सत्रमा छोराछोरी विद्यालय जान नपाएपछि अभिभावक चिन्तामा छन् । केन्द्रीय शिक्षा मन्त्री विद्या भट्टराईको पनि राजीनामा आएको छ ।

तर यस्तो अवस्थामा पनि धनुषामा एउटा यस्तो पालिका छ, जहाँ १३ वटा विद्यालय सञ्चालनमा छन् । मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाका बालविकास शिक्षकसमेत बाँकी नबसी काठमाडौँमा आन्दोलनमा गए पनि यता पालिकाका सबै विद्यालय चलिरहेका छन् ।

‘कार्यविधि नै पास गराएर १ सय शिक्षा परिचालक नियुक्त गरेका थियौँ, शिक्षकहरुले यसरी आन्दोलन गर्छन् भन्ने थाहा त थिएन, तर उनीहरुको आन्दोलन हुँदा पनि हाम्रो पालिकामा विद्यालय चलिरहेका छन्,’ अध्यक्ष जयकुमार यादवले भने, ‘पालिकाका १३ वटै विद्यालयमा पढाइ भइरहेको छ, यिनै १ सय शिक्षा परिचालकले विद्यार्थी अभियान पनि चलाएका छन्, कक्षा पनि चलिरहेको छ, पाठ्यपुस्तक चैँ आए पनि बाँड्न बाँकी छ ।’

मंगलबार पालिकाका आधा दर्जन भन्दा बढी विद्यालयहरुमा मधेशदृष्टि पुगेको थियो । विद्यालयमा पढाइरहेका सबै शिक्षक पालिकाले पठाएका शिक्षा परिचालक थिए । उनीहरु बिहानी सत्रमा पढाइरहेका थिए । ‘कति विद्यार्थी आए, कति आएनन्, हरेक दिन हामी पालिकामा रिपोर्ट गर्छौं,’ राष्ट्रिय प्राथमिक विद्यालयका शिक्षा परिचालक ललितकुमार यादवले भने, ‘विद्यालय नआएका बालबालिकाका अभिभावकलाई सम्पर्क गर्छौं र पढाउन पठाउन आग्रह गर्छौं, दैनिक रिपोर्ट पनि हामी पालिकामा पठाउँछौँ ।’

विद्यालयहरुमा मधेशदृष्टि पुग्दा ४६ शिक्षक भएको विद्यालय पनि सञ्चालनमा देखिएको थियो । ‘यहाँ ४६ शिक्षक छन्, सबै काठमाडौँ गएका छन्, पालिकाले पठाएका १३ शिक्षकले कक्षा चलाइरहेको छ,’ अध्यक्ष जयकुमार यादवले भने, ‘आन्दोलनका नाममा विद्यालय नआउने तर केही शिक्षकहरुले कोचिङ कक्षा चलाइरहेको सूचना आएको छ, तिनलाई कारबाही हुन्छ ।’

धनुषाको भारतीय सीमा र नगराईन नगरपालिकासँग जोडिएको नेपालकै होचो भूगोल भएको मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाले शिक्षकको आन्दोलनमा पनि पढाइ प्रभावित नहुने व्यवस्था बनाएर नमूना काम गरेको पाइएको छ । अध्यक्ष यादवले भने, ‘केन्द्रको समानिकरण बजेटबाहेक प्रदेश सरकारबाट केही पाएका छैनौँ, गाउँपालिकामा एक सय जति शिक्षा परिचालक राखेर विद्यालय चलाएका छौँ, शिक्षाका लागि यो नै हाम्रो प्रयास हो ।’ उनले भने, ‘यो पालिकामा स्वास्थ्य प्राविधिक पढेका पनि कोही बेरोजगार छैनन्, घुम्ती एम्बुलेन्स सेवा, औषधी पसल, स्वास्थ्य सेवा पालिकाकै छ, शिक्षा र स्वास्थ्यमा जनतालाई सुविधा दिन यो काम गरेका हौँ ।’

# अनेमसङ्घको राष्ट्रिय युवा महिला भेला बुधबार

**काठमाडौँ ।**
अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) केन्द्रीय युवा कमिटीले युवा महिलाको सशक्तीकरण र सहभागिता वृद्धि गर्ने उद्देश्यले बुधबार राष्ट्रिय युवा महिला भेलाको आयोजना गर्ने भएको छ ।अनेमसङ्घ केन्द्रीय युवा कमिटीले मंगलवार पत्रकार सम्मेलन गरी ‘समुद्ध नेपालः सुखी नेपाली’ को सङ्कल्प पूरा गर्दै समान सहभागिताका लागि सुदृढ सङ्गठन बनाउने सोचका साथ भेलाको आयोजना गर्न लागिएको जनाएको हो ।

युवा कमिटीका संयोजक विन्दु अधिकारीले युवा उमेर व्यक्तित्व निर्माणदेखि राष्ट्र निर्माणमा निकै महत्वपूर्ण भएकाले उत्पादन, उद्यमशीलता र रोजगारीमा लगाउनुपर्ने बताए । ‘युवा उमेर व्यक्तित्व निर्माणदेखि राष्ट्र निर्माणमा निकै महत्वपूर्ण हुन्छ, युवा परिचालनबाट मात्र कुनै पनि देशले विकासको गति समात्न सक्छ, उनलेले भने–, ‘पछिल्लो राजनीतिक घटनाक्रमले युवामा राजनीतिप्रति अत्यधिक चासो छ भन्ने देखाउँछ, तिनको सही ढङ्गले परिचालन हुन नसक्दा पश्चगामी सोच राख्ने र गणतन्त्रविरोधी तत्वले उनीहरूलाई गलत बाटोमा लैजाने खतरा हुन्छ ।’

भेलामा उत्पादन, उद्यमशीलता र रोजगारीमा युवा महिलाहरूको अवस्था र सम्भावना, युवा महिलाको नेतृत्व, सशक्तीकरणका अभ्यास र भावी रणनीति, प्रगतिशील संस्कृति, सामाजिक रूपान्तरण र युवा महिला, राजनीतिक दल तथा अन्य सङ्गठनमा युवा महिला नेतृत्व र लैङ्गिक समानताका सवालमा छलफल हुनेछ । साथै युवा महिला केन्द्रित राज्यका नीति, कार्यक्रम र प्रभावकारिता, जलवायु परिवर्तन, आप्रवासन र युवा महिलामा अर्थतन्त्रले पारेको प्रभाव, अनुकूलनको अभ्यास र प्रविधिको विकासले महिलामा पारेको प्रभाव, सम्भावना र चुनौतीको विषयमा विस्तृत रूपमा छलफल हुने जानकारी दिइयो ।

सम्मेलनमा सात प्रदेश र ७७ जिल्ला कमिटीबाट तीन÷तीन जना गरी ४० वर्षमुनिका करिब पाँच सय युवा महिलाको सहभागिता रहने सङ्घका अध्यक्ष टुकाभद्र हमालले जानकारी दिए । भेला युवा महिलाको आवश्यकताः आकाङ्क्षा र आवाजलाई राज्य र राजनीतिक दलका नीति, संरचना र कार्यक्रममा पुर्याउने अभियानको सुरुआत भएको उनले बताए ।

अनेमसङ्घले सातौँ राष्ट्रिय सम्मेलनमार्फत नेतृत्वमा युवाको महभागिता बढाउने उद्देश्यले कमिटीमा युवा महिलाका लागि ३० प्रतिशत स्थान सुरक्षित गर्ने नीति पारित गरेको छ । सम्मेलनपश्चात् अनेमसङ्घ केन्द्रीय युवा कमिटी गठन गरी प्रदेश, जिल्ला तथा पालिका तहमा समेत युवा कमिटी निमाण गर्ने जनाइएको छ । यसअघि पहिलो राष्ट्रिय भेला २०८९ सालमा भएको थियो । रासस

# राज्य व्यवस्था समितिद्वारा निजामती ट्रेड युनियनसँग छलफल



**काठमाडौँ ।**
प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिले प्रस्तावित सङ्घीय निजामती सेवा विधेयकबारे विभिन्न ट्रेड युनियन कर्मचारी सङ्घ सङ्गठनसँग छलफल गरेको छ ।

समितिको मंगलवारको बैठकमा निजामती सेवासँग सम्बन्धित विभिन्न छ वटा ट्रेड युनियनका पदाधिकारीसँग उक्त विधेयकमा समेटिनुपर्ने विषयवस्तु र त्यसको औचित्यबारे जानकारी लिन छलफल गरिएको हो ।

ट्रेड युनियनका तर्फबाट सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भई गएका कर्मचारीलाई पुनः छनोटका लागि एक पटक अवसर दिन, कुनै पनि पदमा पाँच वर्ष सेवा गरेकालाई एक तह तथा १० वर्ष वा सोभन्दा माथि गरेकालाई एक श्रेणी वृद्धि गरी तह मिलान गर्न सुझाव दिइयो ।

यस्तै, निजामती कर्मचारीको सरुवा प्रणालीलाई चक्रीय र पूर्वानुमान योग्य बनाइनुपर्ने तथा सङ्घ, प्रदेश र स्थानीय तहका जुनसुकै सेवामा रहे पनि खुला–आन्तरिक प्रतिस्पर्धाद्वारा बढुवा भएमा निवृत्तिभरण प्राप्तिमा सेवा अवधि जोड्ने व्यवस्था गर्न सुझाव दिइएको छ ।

विधेयकमा अस्थायी र करारमा काम गरेका कर्मचारीलाई एकपटक प्रतिस्पर्धाका लागि उमेर हद नलाग्ने गरी सिमित प्रतियोगिताको अवसर प्रदान गरिनुपर्ने तथा त्यसमा सफल नभएकालाई उपदानको व्यवस्था गर्न पनि सुझाव दिइएको छ ।

स्थानीय तह र प्रदेशमा समायोजन भएका वा नियुक्त गरिएका कर्मचारीलाई अन्तर–प्रदेश सरुवाको व्यवस्था गर्न तथा स्वास्थ्य र संसद् सेवालाई निजामती सेवामा समावेश गरी विशिष्टीकृत सेवाका रूपमा विकास गर्ने व्यवस्थाका लागि पनि आग्रह गरिएको छ ।

समितिले नेपाल चिकित्सक सङ्घ र सङ्घीय संसद् सचिवालय कर्मचारी युनियनका पदाधिकारीसँग पनि छलफल गरेको थियो ।समितिमा नेपाल निजामती कर्मचारी सङ्गठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी सङ्गठन, एकीकृत सरकारी कर्मचारी सङ्गठन, नेपाल मधेस निजामती कर्मचारी मञ्च र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी सङ्गठनका प्रतिनिधिले आ–आफ्ना सङ्गठनका तर्फबाट त्यससम्बन्धी राय सुझाव प्रस्तुत गरेका थिए । रासस

# लोकतान्त्रिक प्रणालीमा नेता र सरकार फेर्ने व्यवस्था जनतामा छः पूर्वउपप्रधानमन्त्री निधि

**ललितपुर ।**
नेपाली कांग्रेसका पूर्वउपसभापति एवं पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले लोकतान्त्रिक प्रणालीमा नेता र सरकार फेर्ने व्यवस्था जनतामा निहित रहेको बताएका छन ।

नेपाली कांग्रेस सूचना, सञ्चार तथा प्रसार विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा मंगलवार आयोजित राष्ट्र निर्माणमा युवाको योगदान, तथ्यमा आधारित प्रचार अभियान विषयक बागमती प्रदेशस्तरीय कार्यक्रममा पूर्वउपसभापति निधिले गणतन्त्र र वर्तमान व्यवस्थाका पक्षमा जनतामा सकारात्मक धारणा विकास गराउन सङ्गठित सैद्धान्तिक, राजनीति र वैचारिक बहसलाई जोड दिनुपर्ने बताए ।

‘सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्रणाली चिरायू रहन्छ भनेर जनतालाई आस्वस्त पार्नुपर्छ, सरकार फेरिएला, नेता फेरिएलान्, चुनावबाट नेतृत्व परिवर्तन लोकतान्त्रिक व्यवस्थामा सामान्य कुरा हो, जनताको अधिकार हो, २०८४ मा चुनाव हुँदा केही परिवर्तन हुन्छ, लोकतान्त्रिक पद्धतिको सफल प्रयोग जनताका पक्षमा गर्नु जरुरी छ’, उनले भने ।

पूर्वउपसभापति निधिले व्यवस्था परिवर्तन भयो तर अवस्था परिवर्तन भएन भन्ने भ्रमपूर्ण प्रचारलाई चिर्दै थप समृद्धि हासिल गर्न लाग्नुपर्ने अवस्था छ भन्नेमा नेता तथा कार्यकर्ताको ध्यानाकर्षण गराए । ‘सहभागितमूलक नीतिनिर्माण र समावेशी शासन व्यवस्थाका लागि कांग्रेसले धेरै काम गरेको छ, पहिलेभन्दा धेरै परिवर्तन भएको छ, लोकतन्त्रमा दल, नेता र नेतृत्वलाई खबरदारी गर्न अधिकार जनतामा छ’, उनले भने ।पूर्वउपप्रधानमन्त्री निधिले वर्तमान समयमा विषयमा केन्द्रित रहेर गरिने बहसको अभाव हुँदै गएको छ भन्दै चिन्ता व्यक्त गरे । ‘राष्ट्रको निर्माण, राज्य प्रणालीको व्यवस्थापनमा कांग्रेसले महत्त्वपूर्ण योगदान गरेको छ, व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको विकास राज्यको व्यवस्थित आम्दानी र खर्च प्रणाली, लोकतान्त्रिक राज्य प्रणालीको विकासमा नेपाली कांग्रेसले अतुलनीय योगदान गरेको छ, २००७ सालपछि व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको अभ्यास सुरुआत भयो, त्यसअघि राणाहरुको हुकुमी शासनका आधारमा हुन्थ्यो, गहिरिएर अध्ययन गर्ने हो भने आधुनिक राज्यको निर्माण र राज्य प्रणालीको व्यवस्थापनमा कांग्रेसले धेरै काम गरेको छ’, उनले भने ।

कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले पार्टीको इतिहास बुझाएर वर्तमान र भविष्यप्रति जिम्मेवार बनाउँदै युवाहरुलाई पार्टीमा सक्रिय बनाउन वैचारिक अभियान चलाउनुपर्ने बताए । ‘सामाजिक सञ्जाल आएका धारणाको आधारमा मात्रै पार्टीको धारणा बनाउनु पनि उचित हुँदैन, विगतको दुःखलाई मूल्याङ्कन गर्दै वर्तमानको परिस्थितिलाई मूल्याङ्कन गर्दै सुधार गरेर सुन्दर भविष्य निर्माणमा पार्टी क्रियाशील हुनुपर्छ, समानुपातिक समावेशी आधारमा संसदीय व्यवस्थाबाट नै यो सम्भव हुन्छ’, उनले भने ।

पार्टीको सूचना, सञ्चार तथा प्रसार विभागका प्रमुख एवं पार्टीको केन्द्रीय सदस्य मीन विश्वकर्माले जनजन र मनमनमा विकसित हुँदै गएको नकारात्मक धारणालाई अन्त्य गर्न आवश्यक रहेको बताए ।

‘देशव्यापी रुपमा पार्टीको बारेमा विकसित भएको नकारात्मक धारणा र गलत बुझाइलाई चिर्न आवश्यक छ, २००७ पछि नेपालको राष्ट्र निर्माणमा कांग्रेसका युवाहरुले दिएको योगदानका विषयमा अहिलेको युवाहरूलाई सचेत गराउनु आवश्यक छ, कांग्रेससँग कायम रहेको गौरवशाली विगत, जिम्मेवारीपूर्ण वर्तमान र समृद्ध भविष्यको सम्पूर्ण जनजनमा सत्यतथ्य इतिहास बुझाउन अनिवार्य भएको छ’, उनले भने ।

पार्टीको जिल्ला समन्वय तथा सम्पर्क विभागका प्रमुख एवं केन्द्रीय सदस्य नानु बाँस्कोटाले भ्रमपूर्ण र मिथ्याको राजनीतिलाई अन्त्य गर्ने नेपाली कांग्रेसले निरन्तर बहस र छलफललाई अगाडि बढाउनुपर्नेमा जोड दिए । केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले आरोपप्रत्यारोपबाट मुक्त भएर तथ्य र तथ्याङ्कलाई जनतासामु पु¥याएर वर्तमान व्यवस्थाका सकरात्मक पक्ष र सत्यतथ्य उजागर गर्न लाग्नुपर्नेमा जोड दिए ।

कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले पार्टीको स्थापनाकालमा नै युवाहरुले नेतृत्व गरेकोले अब पनि जनतालाई आशा र भरोसा दिलाउने गरी पार्टीमा युवाहरूको भूमिकालाई प्रभावकारी बनाएर लैजानुपर्नेमा जोड दिए ।

कांग्रेस ललितपुर जिल्ला सभापति जीतेन्द्रकुमार श्रेष्ठले पार्टीबाट टिकट पाएर निर्वाचन जितेका सांसदहरुले नै नेपाली कांग्रेसको नीतिविरुद्ध अभिव्यक्ति दिँदै हिँडेका भन्दै नेपाली कांग्रेसको अनुशासन समिति सक्रिय भएर यसतर्फ सचेत गराउने काम गर्नुपर्नेमा जोड दिए ।तथ्यमा आधारित राजनीति यात्रा विषयमा प्रस्तुतीकरण गर्नुहुँदै अग्रज पत्रकार हरिबहादुर थापाले १०४ वर्षे राणा शासन, २९ वर्ष तीन महिने पञ्चायती शासन र १४ महिने ज्ञानेन्द्रकालीन शासनले नै आन नागरिकलाई आजित बनाएर उदारवादी गणतन्त्रको आवश्यक भएको बताए ।

डा. जगत नेपालले कांग्रेसको आन्दोलनको इतिहास, प्रचारप्रसारमा मिडियाको महत्त्व र भूमिका, नेतृत्वमा रहेर विपी कोइरालाले खेल्नुभएको सकरात्मक भूमिका, विपी, गणेशमान र सुवर्ण शम्शेरले पु¥याउनुभएको योगदानका विषयमा चर्चा गर्नुभएको थियो । विभागका सदस्य एवं वरिष्ठ अधिवक्ता गणेश केसीले देशमा विकसित हुँदै गएको नकारात्मक धारणा र सोचलाई चिर्नुपर्ने धारणा राखे । रासस

# स्वास्थ्य बिमा कोषमा आम्दानी बढाउन बिमा बोर्डद्वारा विभिन्न योजना सार्वजनिक

**काठमाडौँ ।**
स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बनाउन अनावश्यक खर्च कटौती तथा आम्दानी बढाउने गरी विभिन्न निर्णय गरेको छ ।

अध्यक्ष चन्द्रबहादुर थापाको अध्यक्षतामा बसेको बोर्ड बैठकले अनावश्यक परीक्षण गरेर बिमामा दाबी बढ्दा भुक्तानीमा समस्या देखिएको भन्दै त्यस्तो नगर्न र उपचार गर्दा प्रोटोकलअनुसार गर्ने व्यवस्था मिलाउन सहयोगका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पचात्रार गरेको छ ।

आधारभूत स्वास्थ्य उपचारका लागि दिने रकमका लागि समेत स्वास्थ्य बिमा कार्यक्रममा मागदाबी परेको भन्दै बोर्डले दोहोरोपना हटाउन सकिए दायित्व कम पर्ने निष्कर्षका साथ यसमा सघाउन मन्त्रालयमा अनुरोध गरेको बोडैले जनाएको छ ।

बोर्डको अनुरोधपश्चात् स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य उपचारको मापदण्ड पूर्ण कार्यान्वयन गर्न र दोहोरोपना हटाउनका लागि सुझाव कार्यदल गठन गरिसकेका छन ।

बोर्डले नयाँ आम्दानीका स्रोतस्वरुप नेपालमा औषधि बिक्रीवितरण गर्ने सबै कम्पनीको खर्चको निश्चित प्रतिशत स्वास्थ्य बिमा कोषमा खर्च गर्न सकिने प्रस्ताव गरेको छ । यसका लागि पनि स्वास्थ्य मन्त्रालयलाई सहयोगका लागि बोर्डले पत्राचार गरेको कार्यकारी निर्देशक डा रघुराज काफ्लेले जानकारी दिए ।

यसैगरी बोर्डले आम्दानी बढाउने उपायस्वरुप स्वास्थ्य बिमा चिठ्ठा कार्यक्रम सञ्चालनका लागि सरकारसँग अनुमति मागेको छ ।

स्वास्थ्यमन्त्री पौडेलले यसअघि सबै सङ्घीय अस्पताल विकास समितिको आम्दानीको एक प्रतिशत सोझै बिमा कोषमा जम्मा गर्ने निर्णयसमेत गरिसकेका छन । रासस

# भृकुटीमण्डपमा नेपाल अन्तरराष्ट्रिय व्यापार मेला २०८२ मा हुँदै

**काठमाडौँ ।**
‘नेपाली वस्तुको प्रवद्र्धन, समृद्ध नेपाल निर्माण’ भन्ने मुख्य नारासहित १० औँ नेपाल अन्तरराष्ट्रिय व्यापार मेला २०८२’ आयोजना गरिने भएको छ । यही वैशाख २५ गतेदेखि २९ गतेसम्म काठमाडौँको भृकुटीमण्डपमा आयोजना हुने उक्त मेलाको सम्पूर्ण तयारी पूरा भएको आयोजक नेपाल उद्योग वाणिज्य महासङ्घले आज पत्रकार सम्मेलनमार्फत जानकारी दिएको हो ।

नेपाल उद्योग वाणिज्य महासङ्घको आयोजना तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोग र व्यापार तथा निकासी प्रवद्र्धन केन्द्र (टिइपीसी), ललितपुर उद्योग वाणिज्य सङ्घ, नेपाल हस्तकला महासङ्घको सहकार्यमा मेला आयोजना गरिँदैछ ।

आयोजकका अनुसार मेलामा नेपालसँगै मुख्यगरी चीन, भारत, पाकिस्तान, बङ्गलादेश, थाइल्यान्डलगायत देशका उद्योगी–व्यवसायीहरू सहभागी हुनेछन् । यो वर्षको मेलामा स्वदेशी तथा विदेशी गरी २५० भन्दा बढी स्टल राखिनेछन्, जहाँ विभिन्न वस्तु तथा सेवाको प्रदर्शनी गरिनेछन् ।

आयोजकहरूले २० हजारभन्दा बढी अवलोकनकर्ता मेलामा आउने अपेक्षा राखेको छ ।

महासङ्घका अनुसार मेलामा हस्तकला, पर्यटन, सूचना प्रविधि, कृषि उत्पादन, ऊर्जा, भवन निर्माण, व्यावसायिक शिक्षा तथा विद्युतीय सवारीसाधनजस्ता विभिन्न क्षेत्रका सामग्री प्रदर्शित हुनेछन् । साथै, मेलाका अवसरमा विभिन्न देशका व्यापारिक प्रतिनिधिसँग प्रत्यक्ष भेटघाट, द्विपक्षीय व्यापार प्रवद्र्धन तथा लगानीका सम्भावनामा पनि छलफल हुनेछ ।

मेलाबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष सुरकृष्ण वैद्यले मेलाले नेपाली उत्पादनलाई अन्तरराष्ट्रिय बजारमा पहिचान दिलाउने र विदेशी लगानी तथा प्रविधि भित्र्याउन सघाउने विश्वास व्यक्त गरे ।रासस


Government Of Madhesh Province
Minister of Industry, Commerce and Tourism
**Tourism Development Office**
Gaur, Rautahat

**Letter Of Intent**

**Date of Publish:2025/04/23(2082/01/10)**

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Bids published on 2081 Magh 24 and Chaitra 5on Madhesh Dristi National Daily Newspaper. Tourism Development Office, Rautahat intends to award the contracts to the same.

| S.N. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT and PS (NRs.) |
|---|---|---|---|
| 1 | TDO/NCB/W/17/2081/082 (BanbauhariTalalo Chaudhari Tole ma Chhat Ghat tatha Truss Nirman , Shree Ramjanaki Math ko Compound wall tathaDharmasala Nirman, Chhatighat Nirman Tatha PokhariSaundrikaran, Chandrapur Na. Pa. 7, Rautahat) | M/S Khir Bhawani Construction and Suppliers Pvt. Ltd. Chandrapur-10,,Rautahat | 2980214.95 |
| 2 | TDO/NCB/W/18/2081/082(Dabatul Kuran Madrsha Nirman Karya, Bhutahi Tole ma Adhuro Masjid Nirman Karya ra Jamiya IslamiyaAdhuro Bhawan Nirman , Rajpur -1,2,3 Rautahat) | M/S Khir Bhawani Construction and Suppliers Pvt. Ltd. Chandrapur-10,,Rautahat | 2811772.46 |
| 3 | TDO/NCB/W/29/2081/082(Yog Bhawan Nirman , Braham Baba Mandir Nirman, Brindaban Na. Pa.-4, Rautahat) | M/S Neha Laxmi Construction,Chandrani ahpur,Rautahat | 3875725.10 |
| 4 | TDO/NCB/W/30/2081/082(Pani GhattaSanrakshantatha Children Park Nirman , Chandrapur -03, Rautahat) | M/S A. B. Construction Gaur-08, Rautahat | 3470396.95 |

# प्रादेशिक अस्पतालमा चिकित्सकको नियमित सेवाको माग

**सिरहा ।**
सदरमुकाम सिराहास्थित प्रादेशिक अस्पतालमा सेवाग्राहीले हैरानी भोग्नुपरेको जनाउँदै स्थानीय जनप्रतिनिधिको अगुवाइमा युवाले तत्काल सुधार माग गरेका छन् ।

उनीहरूले सोमबार अस्पताल परिसरमा भेला भएर सेवा प्रवाह, चिकित्सकको नियमित उपस्थिति, अस्पताल फार्मेसीको औषधि वितरण र मौज्दात विवरण सार्वजनिक गरिनुपर्नेलगायत मागसहित अस्पताल प्रमुखलाई तीनदिने 'अल्टिमेटम' दिँदै १९ बुँदे मागपत्र बुझाएका हुन् ।

अस्पताल प्रशासनलाई पटकपटक मौखिक तथा लिखित रूपमा ध्यानाकर्षण गराउँदा पनि अस्पताल प्रशासनले नसुनेका कारणले बाध्य भएर विरोधमा उत्रनुपरेको सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादवले बताए । 'हामीले विगतदेखि अस्पताल सुधारका लागि पटकपटक अस्पताल प्रशासनलाई ध्यानाकर्षण गरायौँ,' उनले भने, 'तर मेडिकल सुपरिटेन्डेन्ट र अस्पताल विकास समितिका अध्यक्षले अस्पतालको गतिविधिमा अनियमितता, बिरामीले पाउनुपर्ने सेवा सुविधा, औषधि खरिद र वितरणमा कैफियत रोकिएन । सेवाग्राहीको गुनासोमात्र निरन्तर आइरह्यो ।' आफूहरूको माग सम्बोधन नभए तीन दिनपछि अझ सशक्त विरोधका कार्यक्रम सार्वजनिक गरिने उनले जानकारी दिए ।

मागपत्रमा पछिल्लो तीन आर्थिक वर्षमा अस्पतालबाट खरिद गरिएका औषधिको हिसाब, बिरामीलाई वितरण भएको औषधिको विवरण, म्याद सकिएका औषधि, खरिद गरिएका प्रयोगशालाका सामानको हिसाब विवरण सार्वजनिक गर्न आग्रह गरिएको छ ।

त्यसैगरी, आमा सुरक्षा कार्यक्रम, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी)मार्फत सेवा लिएका बिरामीको विवरण र भएको खर्च, अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीको नामावली र नियुक्तिसँग सम्बन्धित कागजात, अस्पतालका विभिन्न उपकरण खरिद बिक्रीमा रकम हिनामिना भएको जनाउँदै हरहिसाब मागिएको छ ।

अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको तलबभत्ता हरेक महिना दिने व्यवस्था गर्नुपर्ने, अस्पतालमा कार्यरत हरेक कर्मचारीको ड्रेस कोडको व्यवस्था हुनुपर्ने, सरसफाइ तथा सम्पूर्ण कर्मचारीको नामावली र समयतालिकासहित सूचनापाटीमा टाँस्नुपर्र्ने माग गरेका छन् । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले वैशाख ४ गते राति अस्पताल अनुगमन गरेर फर्किएको चौथो दिन स्थानीय युवाहरूले अस्पताल सुधारको माग गर्दै तीनदिने अल्टिमेटमसहित मागपत्र बुझाएका हुन् । मुख्यमन्त्रीले अनुगमनका नाममा अस्पतालको भौतिक पूर्वाधार, रजिस्ट्रारलगायत सम्बन्धित कागजातमात्र हेरेर फर्किएको गुनासो युवाहरूले गरेका छन् ।



**जङ्गली हात्तीले क्षति पु¥याएको मकैबालीः** सर्लाहीको हरिवन नगरपालिका–५ घुर्कौलीमा जङ्गली हात्तीले क्षति पु¥याएको मकैबाली । केही दिनदेखि तीनवटा जङ्गली हात्तीले सर्लाहीको उत्तरी जङ्गल क्षेत्रका किसानको बालीनालीमा क्षति पु¥याउँदै आएको छ । तस्बिरः विश्वनाथ ठाकुर/रासस

# किसानलाई ५३२ घार मौरी वितरण

**सर्लाही ।**
व्यावसायिक मौरीपालक किसानलाई मौरीको घारसहित आवश्यक सामग्री वितरण गरिएको छ । २८ मौरीपालक व्यावसायिक किसानलाई मौरीको घार वितरण गरिएको हो ।

नेपाल मौरीपालक किसान महासङ्घ सर्लाहीको सहकार्यमा मौरीको घारसहित आवश्यक सामग्री वितरण गरिएको उपआयोजना कार्यान्वयन समितिका अध्यक्ष रवि कडरियाले बताए । उनका अनुसार मौरीपालक किसानको व्यावसायिक विकासका लागि ग्रामीण उद्यम तथा विकास आयोजना बर्दिवासको रिड परियोजनाले अनुदानमा विभिन्न सामग्री उपलब्ध गराएको हो ।

प्राप्त सामग्री किसानलाई वितरण गरिएको महासङ्घका अध्यक्ष डम्बरदेव पाण्डेले बताए ।

उनका अनुसार जिल्लाको चुरे क्षेत्रअन्तर्गत लालबन्दी, ईश्वरपुर, हरिवन र बागमती नगरपालिकाका गरी २८ जना किसानलाई परियोजनाले समेटेको छ ।

छयालिस प्रतिशत अनुदानमा प्रतिकिसान १९ घार, १९ स्टैण्ड, १९ फिल्टर, एउटा टोपी, १९ किलो आधार चाका र एक जोडी पञ्जा वितरण गरिएको पाण्डेले जानकारी दिए । किसान हेमराज देवकोटाले २८ किसानका लागि सामूहिक आधार चाका निर्माणका लागि एक थान मेसिनसमेत प्राप्त भएको मौरीपालक बताए ।

किसानको वृत्तिविकासका लागि परियोजनाले पहिलो चरणमा पाँच सय ३२ वटा मौरीको घार वितरण गरेको अध्यक्ष पाण्डेले बताए । सामग्री हरिवन नगरपालिकाकी प्रमुख हरिमाया घलानले किसानलाई वितरण गरेकी हुन् । कार्यक्रमले किसानको दिगो विकासमा टेवा पुऱ्याउने उनको भनाइ छ ।

# तस्करी रोक्न सशस्त्र प्रहरीको भगिरथ प्रयास

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा भारतबाट भन्सार छली गरी ल्याइएका सामान बरामद हुने क्रम बढेको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण मुख्यालयका गणपति राधेश्याम धिमालले एक वर्षको अवधिमा ४१ करोड ९२ लाख ३१ हजार रुपैयाँ बराबरको अवैध तथा शङ्कास्पद मालसामान बरामद गरेको जानकारी दिए । सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बल पर्साले सक्रियता बढाएसँगै अवैध चोरी पैठारी गरेर भित्रिने लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान, हार्डवेयर, मोटरपाट्र्स, खाद्यान्न पदार्थ र किरानाका सामान बरामद हुने क्रम बढेको उनको भनाइ छ । सशस्त्र प्रहरीले वीरगंज भन्सार नाकामा दुई वटा तालिमप्राप्त कुकुर पनि खटाएर जाँच गर्दै आइरहेको छ । सशस्त्र प्रहरी बलले २०८१ वैशाखदेखि २०८२ वैशाख ६ गतेसम्म २८ करोड ११ लाख ६ हजार रुपैयाँ मूल्यका भन्सार छली गरेर भित्र्याइएका सामान वीरगंज भन्सार कार्यालयमा बुझाएको जनाएको छ । त्यसैगरी यही अवधिमा १३ करोड ८१ लाख २५ हजार दुई सय २० रुपैयाँ मूल्यको बिलबिजक नभएका सामान भने राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जनाएको छ ।

यस्तै, भन्सार छली गरी भारततर्फ लैजान लागिएका लाखौँ मूल्य बराबरको इरिक्सा र आलमुनियम सिट सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल पर्सा अन्तर्गत प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजको टोलीले वीरगंज महानगरपालिका–१६ स्थित त्रिभुवन राजपथ सडकखण्डमा रहेको भन्सार कार्यालय परिसर अगाडिको चेकप्वाइन्टमा चेकजाँचका क्रममा ती सामान फेला पारेको हो । सशस्त्र प्रहरी नायब निरीक्षक सहदेव सापकोटाको कमाण्डमा खटिएको टोलीले वीरगंजबाट भारतीय सीमावर्ती शहर रक्सौलतर्फ जाँदै गरेको वीरगंज महानगरपालिका–१–०६९५ नम्बरको इरिक्सामा छतमा फल्स बटम बनाइ लुकाइएको अवस्थामा करिब १ लाख २० हजार रुपैयाँ मूल्य बराबरको आलमुनियम सिट र २ लाख रुपैयाँ बराबरको इरिक्सा बरामद गरेको जनाएको छ । भन्सार छली गरी चोरी निकासी गर्न तयारी अवस्थामा रहेको इरिक्सा र सामानका चालक फरार छन् । बरामद गरिएका सामग्री र सवारी साधन सशस्त्र प्रहरीले आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको जानकारी दिएको छ ।

यस्तै, सशस्त्र प्रहरीले मंगलबार जिराभवानी गाउँपालिकाबाट ठूलो परिमाणको प्रतिबन्धित भारतीय कुखुरा बरामद गरेको छ । बिहान ९ बजे सशस्त्र प्रहरी बोर्डर आउटपोष्ट महादेवपट्टीबाट सशस्त्र प्रहरी निरीक्षक नरेन्द्र सिंह बिष्टको नेतृत्वमा गएको टोलीले जिराभवानी गाउँपालिका वडा नम्बर–१ को दशगजा क्षेत्रबाट १६ वटा प्रतिबन्धित भारतीय कुखुरा ८० किलो बरामद गरेको हो ।

बरामद गरिएको कुखुरालाई जिराभवानी वडा नम्बर–१ अध्यक्ष रामशरण खवास थारु, पर्सा ग्रामीण कुखुरा व्यावसायी संघका सदस्य जितेन्द्र यादव, स्थानीय भद्रभलादमी स्थानीय सञ्चारकर्मी, पशुक्वारेन्टाइनका प्रतिनिधिको रोहबरमा नष्ट गरिएको सशस्त्र प्रहरी बल १३ नम्बर गण हेड क्वार्टर पर्साका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक देबेन्द्र बहादुर सिंहले जानकारी दिए । सशस्त्र प्रहरीको गस्ती टोलीलाई देख्नासाथ कुखुरा व्यापारीले कुखुरा फालेर भागेकोले मोटरसाइकल पक्राउ गर्न नसकिएको सशस्त्र प्रहरीले दाबी गरेको छ ।

# संविधानको औचित्य हराउँदै गएको छ

**–धिरज साह**
**जनकपुरधाम ।**
नेपालको संविधानले स्पष्टरूपमा भन्छ, 'राजनीतिक पदमा नरहेका सरकारी कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, वा न्यायालयसँग सम्बन्धित व्यक्तिहरू कुनै पनि राजनीतिक दलको सदस्य हुन सक्दैनन् ।'

तर आजको यथार्थ हेर्दा संविधान व्यवहार होइन, केवल पुस्तकको पानामा सीमित भएको अनुभूति हुन्छ । आज देशका हरेक संवैधानिक, शैक्षिक र प्रशासनिक अंगहरूमा राजनीतिक दलका भातृ संगठनहरू हाबी छन् । शिक्षण संस्था राजनीतिक रंगमा रंगिएका छन् ।

विद्यालय र क्याम्पसमा विद्यार्थी संगठन दलको छायाँ संगठन बनेका छन् । उनीहरू शिक्षाको सट्टा राजनीतिमा संलग्न छन् । शिक्षकहरू पनि शिक्षणभन्दा बढी दलगत गतिविधिमा सक्रिय छन् । शिक्षक संघ र महासंघसमेत गुटमा विभाजित छन् ।

**प्रशासनमा पनि गुटको प्रभाव**
निजामती कर्मचारीहरू कर्मचारी संगठनको नाममा पार्टीगत लाइनमा लागेका छन् । विद्युत् प्राधिकरण, बार एसोसिएसन, अस्पताल, बैंक सबै क्षेत्रमा राजनीतिक भ्रातृसंगठनहरू सक्रिय छन् ।

**न्यायालयसम्म पार्टीको हस्तक्षेप**
न्यायाधीशदेखि प्रहरी र स्वास्थ्यकर्मी, शिक्षाकर्मीसम्म—राजनीतिक प्रभाव स्पष्ट देखिन्छ ।

संविधानको सर्वोच्च पालक हुनुपर्ने अदालत पनि अब निष्पक्षता होइन, गुटको भागबन्डामा बाँडिएको देखिन्छ ।

लोकतन्त्र र संविधानमाथिको संकट
यस्तो अवस्थाले केवल संविधान होइन, लोकतन्त्र, न्याय, र जनताको विश्वासलाई समेत घात गरिरहेको छ । संविधानले निर्दिष्ट गरेको निष्पक्ष शासनप्रणालीको स्थानमा अहिले पार्टीहरूको बर्चस्वमूलक शासन कायम भएको छ ।

**अब प्रश्न उठ्नुपर्छ**
के संविधान केवल शक्ति प्राप्तिको औजार मात्र हो ?

के जनताको शासन होइन, गुटको शासन चलिरहेको हो ?

के हामी कानूनको शासनमा छौँ कि दलको निर्देशनमा ?

अब मौन बस्नु भनेको अन्यायलाई स्वीकार गर्नु हो । संविधानको सम्मान गर्न चाहने हो भने, त्यसको पालना गराउने आँट पनि गर्नुपर्छ । अब समय आएको छ, प्रश्न उठाउन, विचार बदल्न र साँचो लोकतन्त्रको पुनःस्थापनाका लागि आवाज उठाउन ।

# संघीय निजामती ऐन लागू गर्न माग

**मधेशदृष्टि**
**वीरगंज ।**
संघीय निजामती सेवा ऐन तत्काल लागू गर्नुपर्ने मागसहित संयुक्त ट्रेड युनियन सञ्जाल पर्साले पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई १० बुँदे मागसहित ज्ञापनपत्र बुझाएको छ । चैत ३१ गते संयुक्त पत्रकार सम्मेलनमार्फत आन्दोलनको चेतावनी दिएका कर्मचारी संगठनहरू ट्रेड युनियनको आह्वानमा आन्दोलनमा उत्रिएका हुन् । आन्दोलनको पहिलो दिन संघीय मामिला तथा स्थानीय विकास मन्त्री, कानून मन्त्री र मुख्यसचिवलाई प्रजिअमार्फत ज्ञापनपत्र बुझाइएको सञ्जाल पर्साका अध्यक्ष विजयकुमार गुप्ताले जानकारी दिए ।

गुप्ताले वैशाख १० गते आन्दोलन परिचालन समितिले आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने र वैशाख १२ गते संसद् सचिवालय अगाडि भेला आयोजना गर्दै आन्दोलनलाई थप चर्काउने तयारी रहेको जानकारी दिए । संयुक्त ट्रेड युनियन सञ्जालले बुझाएको ज्ञापनपत्रमा समायोजन भएका कर्मचारीलाई एक पटक छनोटको अवसर दिनुपर्ने, पदपूर्तिको प्रक्रियामा खुला, बढुवा र आन्तरिक प्रतिस्पर्धामा स्पष्ट भागबण्डा तोकिनुपर्ने, सेवा अवधिका आधारमा तह वृद्धि तथा कार्यसम्पादन मूल्यांकनको आधारमा थप सुविधा मिलाउने व्यवस्था गर्नुपर्ने, सरुवा प्रणालीलाई चक्रीय र पूर्वानुमान योग्य बनाउनुपर्ने लगायतका माग समेटिएको छ । संयुक्त ट्रेड युनियन सञ्जाल पर्साले माग पूरा नभए चरणबद्ध रूपमा आन्दोलनलाई थप सशक्त बनाउँदै लैजाने चेतावनी दिएको छ ।

# स्थापना दिवसमा सरसफाइ र फलफूल वितरण

**मुकेश कुमार साह**
**चपुर ।**
नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमालेको स्थापनाको ७६औँ वार्षिकोत्सवको अवसरमा बिरामीहरुलाई फलफूल वितरण तथा सरसफाइ कार्यक्रम गरिएको छ ।

नेकपा एमाले चन्द्रपुर नगर कमिटीले चन्द्रनिगाहपुर अस्पताल परिसरमा सरसफाइ कार्य सम्पन्न गर्नुका साथै अस्पतालमा भर्ना भई उपचाररत बिरामीलाई फलफूल वितरण गरेको हो ।

नेकपा एमालेका केन्द्रीय सदस्य उद्धव रेग्मीको प्रमुख आतिथ्यतामा भएको फलफूल वितरण तथा सरसफाइ कार्यक्रमको अध्यक्षता चन्द्रपुर नगर कमिटीका अध्यक्ष शिव आचार्यले गरेका थिए । सरसफाइ र स्वस्थ जीवनशैलीप्रति जनचेतना फैलाउने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा अस्पताल परिसरको सरसफाइसहित बिरामीप्रति सहानुभूति प्रकट गर्दै फलफूल वितरण गरिएको थियो ।

चन्द्रपुर अस्पतालका प्रमुख डा. अभिनन्दन श्रीवास्तवले नेकपा एमालेको सरसफाइ तथा फलफूल वितरणले स्वास्थ्यकर्मी र बिरामीको मनोबल बढाउने काम गरेको भन्दै खुसी व्यक्त गरे । उनले गरेको कार्यले समाजमा सामाजिक भावना पैदा हुने एकअर्काप्रति धार्मिक, आर्थिक, सामाजिक संस्कृतिको विकास हुने विश्वास लिएको उनको भनाइ छ । कार्यक्रममा नेताहरूले नेकपा एमाले सधैँ जनताको पक्षमा उभिने पार्टी भएको र यस्ता समाजसेवामूलक कार्यलाई आगामी दिनहरूमा समेत निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा प्रदेश कमिटी सदस्य वीरबहादुर गोले र बालबिक्रम कार्की, लोकतान्त्रिक तामाङ संघका कार्यवाहक केन्द्रीय अध्यक्ष खड्गबहादुर तामाङ, जिल्ला सचिव बाबुराम दहाल, उपसचिव मुना लामिछानेलगायत पार्टीका विभिन्न तहका नेता, जनप्रतिनिधि, जनसंगठनका प्रतिनिधि, अस्पताल प्रशासनका सदस्य तथा स्थानीय शुभचिन्तकको उपस्थिति थियो ।

**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhesh Province, Nepal**

**Invitation for Electronic Bids**

Date of First publication: 2082-01-10 (23rd April, 2025)

Janakpurdham Sub-Metropolitan City invites electronic bids from registered contractors for below Mentioned works.For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 12/2081/82/SQ/WORKS | Management of Public Land with Soil and Water (Supplying and Fixing of Bamboo Tree Guard with Fencing Work) | 19,99,567.29 | 55,000.00 | 2082-01-25, 12:00hrs | 1000.00 |
| 13/2081/82/SQ/WORKS | Construction and Maintenance of Oldest Building at Ma.Bi.Kuwa Rampur, Ward No. 12 | 19,54,822.44 | 55,000.00 | 2082-01-25, 12:00hrs | 1000.00 |

- Senior Deputy Secretary

सम्पादकीय

# सिके राउतमाथिका आरोपहरु र मधेशमा जनमतको राजनीति

मधेशदृष्टिले पटकपटक लेख्दै आएको मधेशमा परीक्षणमा रहेको जनमत पार्टीका अध्यक्ष सिके राउत आफ्ना दाजु जयकान्त राउतको दबाबमा परेर पार्टी बनाउन लागेका इमान्दार नेता कार्यकर्तामाथि कठोरसँग प्रस्तुत हुँदै आएको आरोप नयाँ होइन । फेरि पनि अध्यक्ष राउत फेसबुकमा लेखेरै जनतामा पनि जित्न सफल अनुहार हुन्, अहिले फेसबुकमा लामो गन्थन लेख्छन् । तर अहिले जनता फेसबुकबाट युट्युब हुँदै टिकटकमा पुगेका राउत पनि टिकटकमा देखिन्छन् । तर पढ्ने विषय त फेसबुकमै लेखेरै बसेका छन् । पछिल्लो समय उनले पार्टीका कोषध्यक्ष सुरेन्द्र यादवलाई पक्राउका लागि दिएको समर्थन र सप्तरी प्रहरीले यादवलाई पक्राउ गरेपछि जनमत नेतृत्वको हुर्मत लिने गरी निवर्तमान उपाध्यक्ष दीपक शाहले सार्वजनिक गरेको विषयले जनमतका नेता कार्यकर्तालाई बेचैन बनाएको छ । कागले गरेको बिस्टा पनि नेतृत्वको टाउको परेपछि प्रसादी हो भन्नु पर्ने बाध्यता जिल्लास्तरमा नेता कार्यकर्ताको बाध्यता पनि हो । अनुहारमा दलिएको मोसो पनि फेसनु हो, शैली हो भन्नु पर्ने नियती भन्दा माथि कुनै पनि पार्टीका नेता कार्यकर्ता माथि उठेका छैनन् ।

फेरि पनि केन्द्र सरकार र अरु सबै प्रदेश सरकारमा केही हिस्सा नलिएर मधेशमा मुख्यमन्त्री लिँदै मधेमा सत्तामा सात वर्ष राज्य गरेको जनता समाजवादी पार्टी नेपाल र उपेन्द्र यादवको राजनीतिमा दिया लगाउने मक्सद भन्दा माथि उठ्न नसक्दा पछिल्लो समय जनमत पार्टी मधेशमै कमजोर छ भन्ने संकेत त मंसिरमा भएको वडाका उपनिर्वाचनहरुमा देखिएकै छ । मधेश सरकार नेतृत्व गरिरहँदा सत्तारुढ एमाले र कांग्रेस नै असन्तुष्ट छ मधेश सरकारमा जनमत नेतृत्वसँग । यस्तो अवस्थामा सत्तामा नरहे पनि जसपा नेपालले मधेशमा आफ्नो पकड बलियो बनाउँदै चामत्कारिकरुपमा उदाएको जनमतलाई अर्को निर्वाचनमा जवाफ फर्काउने तयारीसहित संगठन गरिरहँदा जनमत पार्टी भनेर महिनैपिच्छे एउटा–एउटा काण्डमा जोडिने गरेको छ । स्वयम् अध्यक्ष राउतदेखि पार्टीका नेताहरुको काण्डमा फेसबुकबाट जवाफ दिनेबाहेक कुनै पनि काम गरेको पनि देखिन्न ।

जे होस्, यतिखेर जनमत पार्टीमा पूर्वउपाध्यक्ष दीपक साह र कोषाध्यक्ष सुरेन्द्र यादवको आरोपबाट आजित छ । उसले फेसबुकमा र पार्टीका लेटरप्याडमा मधेश र देश कसरी बनाउने भनेर लेख्ने बेला पार्टी बनाउन स्रोत जुटाउनेदेखि अनेक मेहनत गरेका आफ्नै पूर्वसहकर्मीहरुको बदनाममा मसी खेर फालिरहेको छ । यो राजनीतिक दलका लागि सबैभन्दा बढी दुर्दशा हो । पार्टीले जनतालाई आसा जगाउने हो । राम्रो काम गर्ने सपना देखाउने हो । अरु पार्टी भन्दा आफ्नो राम्रो काम देखाउने र चर्चा गर्ने हो । हिजो जनमत बनाउन लागेका नेताहरुलाई मोसो दलेर नै जनमतको नयाँ वर्ष २०८२ शुरु भएको छ । अनि तिनै पूर्वसहकर्मीहरुले पोतेको कालो मेट्नमै पार्टीको लेटर प्याड खर्च भइरहेको छ । हेर्दै जाउँ आगामी दिनहरु कसरी लैजान्छ जनमत । अर्को पार्टीसँग एकताको पूर्वसन्ध्यामा त्यो पार्टीका नेताहरु आत्तिन पर्ने गरी काण्डहरु आएका छन् ।

# वृद्धाश्रममा परिवारको खुसी खोजिरहेका अनुहारहरू

सङ्गीता राई



व्यापार, शिक्षा र पूर्वाधारको गतिशील विकास भइरहेका सहरहरू तर त्यही शहरभित्र त्यस्ता केही अनुहारहरू छन् जसको जीवनमा न चहलपहल छ न भविष्यका योजनाहरू नै । खासगरी बुढ्यौली उमेरमा आश्रयविहीन भएकाहरूको ठूलो संख्या अहिले परिवार छाडेर वृद्धाश्रमको चारकिल्लाभित्र निर्जिव जीवन बाँच्न विवश छन् । सत्तरी वर्षीया इन्दिरा सुवेदी इटहरीस्थित रामजानकी शान्ति वृद्धाश्रममा विगत १४ वर्षदेखि आश्रय लिइरहनुभएको छ । उहाँको अनुहारमा जीवनमा केही गर्न नसकेकामा पश्चाताप, निराशा, आक्रोश र कुण्ठा झल्किरहेको पाइन्छ ।

उहाँको नजर भने हरबखत बाहिर सडकमा हिँडिरहेका मान्छेहरूमा केन्द्रित हुन्छ । ती मान्छेहरूलाई हेर्दै उहाँ भन्नुहुन्छ, 'सानै उमेरमा विवाह गरेँ, २० वर्षको उमेरमा छोरालाई जन्म दिएँ । घरमा खुसीको माहोल बेग्लै थियो । घरनजिकै सानो चियापसल र सागसब्जीको पसल पनि थियो । छोरालाई साथमा लिएर बिहान पसल जान्थे अनि साँझपख घर फर्किंदा घरको रौनक बेग्लै हुन्थ्यो ।' 'तर समय निष्ठुरी र क्रुर पनि हुँदोरहेछ । एघार महिनाको कलिलै उमेरमा मेरो छोरा बित्यो । छोराको मृत्यु भएको केही समयमै अर्को बज्रपात आइलाग्यो, पतिको पनि निधन भयो । श्रीमान् बितेपछि म सहाराविहीन भएँ, र अन्तिममा म वृद्धाश्रम पुगेँ,' आफ्नो विगत सुनाउँदै उहाँले भन्नुभयो ।

शुरुमा वृद्धाश्रम भनेको कस्तो हुन्छ भन्ने थाहा नै थिएन मलाई । सानैमा बाबाआमा पनि गुमाएकी थिएँ, श्रीमान् बितेपछि छ मेरा कोही भएनन्, एक्ली भएँ । चिनजानका केही आफन्तले सधैँ भन्ने गर्थे, आश्रम गएर बस्नू । उहाँहरूकै कुरा मानेर वृद्धाश्रम आएर बसिरहेकी छु, सुवेदीले बताउनुभयो । उहाँले अगाडि सुनाउनुभयो, 'मेरो परिवार कस्तो थियो भन्ने पनि बिर्सिसकेँ मैले । केही आफन्त भने मलाई कहिलेकाहीँ भेट्न आउनुहुन्छ । वृद्धाश्रम बस्न थालेपछि अहिले यही मेरो परिवारजस्तो लाग्छ । बस्नका लागि राम्रो सुविधा छ, दैनिक जीवन सहज तरिकाले बित्ने गरेको छ, अहिले मेरो लागि आश्रम नै प्यारो छ ।'

अहिले १७ जना वृद्धवृद्धा बसिरहेको रामजानकी शान्ति वृद्धाश्रम २०५६ सालमा इटहरीमा खुल्यो । आधुनिक जीवनशैली अपनाउने नाममा परिवारबाट छुट्टिएर बस्ने चलन बढेसँगै पछिल्लो समय वृद्धवृद्धाहरू घरविहीन हुनुपर्ने स्थिति बन्दै गएको पनि पाइन्छ । सामाजिक मनोविज्ञानले वृद्धाश्रमलाई अनावश्यक ठाने पनि अहिलेको सामाजिक यथार्थले भने वृद्धाश्रमको आवश्यकतालाई औँल्याइरहेको छ र वृद्धवृद्धाहरूको आश्रयस्थल बनिरहेको छ ।

यस्तै इन्दिरा सुवेदीको जस्तै कथा विराटेश्वर वृद्धाश्रम विराटनगरमा बसिरहेकी ८१ वर्षीया सरिता गौतमको पनि छ । उहाँ विगत २८ वर्षदेखि वृद्धाश्रममा बस्दै आउनुभएको छ । 'सकुन्जेल काम गरेँ, छोराछोरी हुर्काएँ । शिक्षा दिएँ । अहिले तिनै सन्तानले नचिनेझैँ गरे । आफ्ना छोराछोरी सन्तानका लागि जिन्दगी बिताएँ । तर अहिले तिनै सन्तानले थाँती राखेजस्तै गरे, न माया छ न सम्मान छ,' उहाँले भन्नुभयो ।

गौतमको आँखामा पीडामात्र होइन, वेदना पनि प्रष्ट देखिरहेको थियो । आश्रममा आएपछि शान्ति र सुख त छ । तर मनको कुँडाइ भने अझै छ । धक खोलेर बोलिरहनुभएकी गौतम भन्नुहुन्छ, 'यो घर त हो नि तर आफ्नोपन खै कहाँ छ र ? छोराछोरीले आफ्नो संसार बनाए ।

मलाई सबैले बिर्से अन्त्यमा, आफ्नै सन्तानले आश्रम पुर्याइदिए । माया त बाल्यकालमा मात्र रहेछ । अहिले त सबै व्यस्त छन् अनि हामीजस्ता बुढाबुढी भने बेकार जस्तै भएछौँ,' उहाँले पीडा पोख्नुभयो । 'पतिको मृत्युपछि छोराछोरीका लागि बाँचे । उनीहरूको पढाइ, विवाह सबै व्यवस्थापन गरेँ । अहिले न फोन गर्छन् न भेट्न आउँछन् । अहिले छोराछोरी कता छन् केही थाहा छैन । मलाई यही आश्रम अहिले सुन्दर घरजस्तो छ,' खुसी साट्ने प्रयास गर्दै गौतमले भन्नुभयो ।

त्यस्तै ८६ वर्षीया पवित्रा सुवेदी विगत २१ वर्षदेखि वृद्धाश्रममा बस्दै आउनुभएको छ । जीवनभर कहिले नथाकी आफ्ना सन्तानका लागि खटिनुभएकी उहाँ अहिले पराइझैँ ठानिएका ठाउँमा दिनहरू बिताइरहनुभएको छ । प्रष्ट बोल्न र राम्रोसँग देख्न पनि नसक्ने उहाँका आँखाहरूले अहिले सन्तानविहीन भएर वृद्धाश्रमको ओछ्यानमा टोलाएर बाहिरको आकाश हेरिरहेका छन् ।

'आफ्नै सन्तानले मलाई हेरचाह गर्न नसकेपछि आश्रम ल्याएर छाडे । कहिलेकाहीँ मलाई भेट्न छोरा आउँछ । तर अनुहार कस्तो छ प्रष्ट देख्न सक्दिनँ । पहिले घरमा छोराछोरीसँगै बसेर बिहान–बेलुकाको खानासँगै बसेर खाएको याद आउँछ,' उहाँले मनको पीडा पोख्नुभयो । हुन त यहाँ पनि मजस्तै धेरै वृद्धहरू हुनुहुन्छ, उहाँहरूसँग गफ गरेर मन भुलाउन कोसिस गर्छु । तर घरजस्तो न्यानोपन भने हुँदैन रहेछ, उहाँले सुनाउनुभयो । पछिल्लो समय विशेषगरी सहरी क्षेत्रमा व्यस्त परिवारका वृद्धवृद्धा र विभिन्न कारणले परिवारबाट वञ्चित हुन पुगेका वृद्धवृद्धाहरूको सुरक्षाका लागि वृद्धाश्रमको आवश्यकतासमेत बढ्दै गएको छ । घरमा बसेर असुरक्षित र अमर्यादित जीवन जिउनुभन्दा वृद्धाश्रममा बस्न राम्रो भन्ने विषय आजभोलि समाजमा स्थापित हुँदै गएको रामजानकी वृद्धाश्रमका अध्यक्ष ठगेन्द्रप्रसाद आचार्यले बताउनुभयो । यो राम्रो कुरा त होइन तर सामाजिक घटना, परिवेशले आवश्यकता बढाएको छ, उहाँले भन्नुभयो ।

स्थानीय र प्रदेश सरकारले यस्ता आश्रमका लागि बेलाबेला दिवा खाजादेखि अनुदान रकम प्रदान गरिरहेको छ । केही समयअघि प्रदेश सरकारले उपलब्ध गराएको रु नौ लाखले ट्रस निर्माण गरेपछि रामजानकी वृद्धाश्रममा वर्षामा पानी चुहिने समस्या समाधान भएको छ । आचार्यले भन्नुभयो, आश्रम सञ्चालन गर्नका लागि केन्द्र सरकारले समेत राम्रो सहयोग गरिरहेको छ । शिक्षक पेसाबाट अवकाश भएपछि २०६० सालमा विराटेश्वर वृद्धाश्रम सेवा समिति खोलेर सञ्चालन गर्दै आउनुभएका जगत अर्याल पछिल्लो समय वृद्धवृद्धाहरू घरबासविहीन हुँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो । वृद्धवृद्धाका दिनहरू सम्मानपूर्वक र शान्तिका साथ बिताउन सक्नेगरी सेवा गर्न पाऊँ भनी यो आश्रम स्थापना गरी सञ्चालन गर्दै आइरहेको छु, उहाँले भन्नुभयो । यो आश्रममा अहिले ६० जनाभन्दा बढी वृद्धवृद्धाले आश्रय लिइरहेका छन् ।

इटहरी रामजानकी शान्ति वृद्धाश्रमका सञ्चालक समिति सदस्य सन्तोष ओझा भन्नुहुन्छ, 'वृद्धवृद्धाले जुन आत्मीयता खोजिरहनुभएको हुन्छ, त्यो परिवारको मायामा मात्र भेटिन्छ । यहाँ आमाहरूलाई निकै मायाको खाँचो हुन्छ । त्यो वृद्धाश्रममा नपाउन सकिन्छ ।' अहिले रामजानकी आश्रममा रहेका आमाहरूको मनोबल बढाउन आश्रममा मन्दिर र ध्यान केन्द्र बनाइएको छ । कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको विवरणअनुसार कोशी प्रदेशमा ज्येष्ठ नागरिकको संख्या पाँच लाख ५६ हजार ४ सय ६४ अर्थात् प्रदेशको ११.२२ प्रतिशत रहेको छ । प्रदेश सरकारले आफ्नो नीति, कार्यक्रम र बजेटमा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिइरहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ । सामाजिक विकास मन्त्रालय र स्थानीय तहबाट आर्थिक वर्ष २०८१–८२ मा ज्येष्ठ नागरिकका लागि रु एक करोड आठ लाख बजेट विनियोजन गरी खर्च गरिरहेको छ । रासस

# पश्चिम नेपालमा भूकम्पको जोखिम





प्रकाश पन्त

पश्चिम नेपालमा पर्ने जाजरकोट जिल्लाको बारेकोटलाई केन्द्र बनाएर डेढ वर्षअघि गएको ६.४ म्याग्निट्यूडको भूकम्पयता मात्रै त्यहाँ ८ सय ५३ वटा परकम्प गएका छन् । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार विसं २०८० साल कार्तिक १७ गतेदेखि २०८२ वैशाख ३ गतेसम्म जाजरकोट र त्यस आसपास केन्द्र बनाएर यी परकम्प गएका हुन् । पाँचदेखि ६ म्याग्निट्यूडका ३ वटा, ४ देखि ५ सम्मका १२ वटा, ३ देखि ४ सम्मका ५७ वटा, २ देखि ३ म्याग्निट्यूडसम्मका ४ सय ३८ वटा र २ भन्दा साना ३ सय ४२ वटा परकम्प गएका छन् ।

यी परकम्पबाट जनधनको ठूलो क्षति नभए पनि त्यस क्षेत्रका मानिसहरू भने आफूहरू निरन्तरको डर र त्रासमा बाँचिरहेको बताउँछन् । भूकम्पमा परेर जाजरकोट र रुकुम पश्चिममा गरी १५७ जनाको ज्यान गएको थियो भने करिब ४ सयजना घाइते भएका थिए । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ३४ हजारभन्दा बढी निजी आवासमा क्षति पुगेको थियो ।

**भावी खतराहरू**

विगतमा परम्परागत घर निर्माण गर्ने गरेका सर्वसाधारणहरूले भूकम्पपछि भने प्राविधिकको सल्लाहमा भूकम्पप्रतिरोधी घर निर्माण गर्न थालेका छन् । विक्रम संवत् १५०५ सालमा मुस्ताङ जिल्लालाई केन्द्रबिन्दु बनाएर गएको ८ दशमलव ५ म्याग्निट्यूडको भूकम्प नै नेपालमा अहिलेसम्म थाहा भएकामध्ये सबैभन्दा ठूलो भूकम्प भएको बताइन्छ । त्यसपछि साढे पाँच सय वर्षदेखि नेपालको गोरखादेखि पश्चिमतर्फ र भारतको देहरादुनदेखि पूर्वतिरको भागमा महाभूकम्प नगएको विज्ञहरू बताउँछन् ।

यो क्षेत्रभित्र यतिका वर्षसम्म ठूलो भूकम्प नजानुको अर्थ यहाँ ८ म्याग्निट्यूडभन्दा माथिका भूकम्प जान सक्ने शक्ति जम्मा भइरकेको छ भन्ने बुझिने राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् लोकविजय अधिकारीले बताए ।

के नेपाल अर्को ठूलो भूकम्प थेग्न तयार छ?

उनका अनुसार बढी शक्ति सञ्चित भएको कारण गोरखादेखि देहरादुन बीचको क्षेत्रमा कुनै पनि बेला महाभूकम्प जान सक्छ । 'तर कहिले जान्छ भन्न सकिँदैन, जति बेला पनि जान सक्ने सम्भावना भने छ,' अधिकारीले भने । 'पूर्वी नेपालमा विक्रम संवत् १२५५ पछि १९९० सालमा भूकम्प आउँदा ७ सय वर्ष लागेको थियो । त्यसै अवस्था अहिले पश्चिम नेपालमा छ ।'

**महाभूकम्प कति शक्तिशाली**

साधारणता एक म्याग्निट्यूड फरकमा भूकम्प जाँदा प्रतिम्याग्निट्यूडमा ३४ गुण बढी शक्ति र १० गुणा बढी कम्पन हुन्छ । जस्तो कि भूकम्पको शक्ति ६ को भन्दा ७ मा ३४ गुण बढी र ७ भन्दा ८ मा पनि ३४ गुण नै बढी हुन्छ । भूकम्पविद् अधिकारीका अनुसार जाजरकोटमा गएको ६ दशमलव ४ म्याग्निट्यूडको भूकम्पलाई नै आधार मान्ने हो भने यदि ८ दशमलव ४ म्याग्निट्यूडको भूकम्प गयो भने त्यसमा एक हजार २४ गुणा बढी शक्ति हुने र त्यसले एक सय गुण बढी हल्लाउने छ । दुई म्याग्निट्यूड मात्र फरक हुँदा भूकम्पको शक्ति हजार गुणाले र कम्पन सय गुणाले फरक पर्ने गर्छ ।

**क्षति कम गर्न के गर्ने ?**

कस्तो भूकम्प जाँदा कति क्षति हुन्छ भन्ने कुरा सबैले बुझ्नु पर्छ । अनि कहाँ कति जोखिम छ भन्ने कुरा पनि पत्ता लगाउनुपर्छ । त्यसैले भूकम्पीय जोखिमलाई ध्यानमा राखेर घर तथा अन्य संरचना बनाउने हो भने क्षति कम गर्न सकिन्छ । त्यसका लागि अब बनाउने नयाँ संरचनामा भूकम्पीय जोखिम थप्न नहुने र पहिला बनेका संरचनालाई पनि भूकम्पप्रतिरोधी बनाउनुपर्ने सुझाव भूकम्पविद्हरूको छ ।

भूकम्पको जोखिमबारे एक दिन सिकाएर नहुने भन्दै उनीहरू स्थानीय तहले पाठ्यपुस्तकमा भूकम्पसम्बन्धी शिक्षा राख्नुपर्ने, भाडामा दिने घरहरू कमजोर बनाउने प्रवृत्तिको अन्त्य गर्नुपर्ने, भवन निर्माण आचारसंहिताको कडाइको साथ पालना गर्ने र गराउने, भूकम्पीय जोखिमको अध्ययन गर्ने, आमनागरिकले पनि आफ्नो जिम्मेवारी बोध गर्नेलगायत विषयमा ध्यान दिन सुझाउँछन् । नागरिकसँगै राज्यले पनि भूकम्पबाट ठूलो क्षति बेहोर्नुपर्ने भएकोले सरकारले भइरहेको जोखिमलाई घटाउने र थप जोखिम हुन नदिनेतिर ध्यान दिनुपर्नेमा भूकम्पविद्हरूको जोड छ ।

घर तथा अन्य संरचना निर्माणमा हेलचेक्र्याइँ गर्नु हुँदैन। अहिले सानातिना भूकम्पले पनि क्षति गरेको देखिन्छ। ठूलो भूकम्प जाँदा हुने क्षतिको अनुमान गर्न कठिन छ । त्यसैले भूकम्पबाट हुने क्षति कम गर्न अहिलेदेखि नै नागरिक पनि सचेत र जागरूक हुनुपर्छ । जोखिमबाट जोगिनका लागि भूकम्प प्रभावित क्षेत्रका बासिन्दा अहिले सचेत र सजग भएको पाइन्छ । भूकम्पबाट प्रभावित नलगाड –२, जाजरकोटकी धनसरा जैसी पहिला जस्तो हेलचेक्रयाइँ नगरी ठूलै भूकम्प आए पनि नढल्ने गरी घर बनाउने बताउँछिन् । 'पहिला भूकम्पबारे खासै ज्ञान थिएन, अहिले सचेत छौँ। त्यसैले सरकारले दिने रकममा आफैँले पनि थपेर बलियो घर बनाउने सोच छ,' उनले भनिन् । १२ लाख रुपैयाँ खर्च गरेर बनाएको नयाँ घर भूकम्पले ध्वस्त बनाएपछि उनको परिवार डेढ वर्षदेखि अस्थायी टहरामा बस्दै आएको छ ।'

**जोखिम कम गर्न सरकारको पूर्वतयारी**

भूकम्पबाट हुने क्षति कमभन्दा कम गर्न सरकारले पूर्वतयारीका कामहरू गरिरहेको जनाएको छ । विपद्सँग जुध्नका लागि स्थानीय सरकारलाई बलियो बनाउने, विपद्पछि खोज तथा उद्धारमा सघाउन स्थानीय स्तरमै तालिम प्राप्त सामुदायिक स्वयंसेवकहरू तयार पार्ने, भवन निर्माणसंहितालाई कडाइका साथ लागु गर्ने, सरकारलाई मात्र व्ययभार नपरोस् भनेर घरहरूको बीमा गर्नेजस्ता योजना सरकारले अघि बढाएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । प्राधिकरणका सहसचिव भीष्म भुसालले भूकम्प प्रतिरोधी घर निर्माणमा सघाउन प्राधिकरण र सहरी विकास मन्त्रालयले दक्ष जनशक्तिलाई भूकम्प प्रभावित क्षेत्रमा पठाएको बताए । उनले भने, '२०७२ सालको भूकम्पपछि एक किसिमको जागरण ल्याउने काम त भएको छ । तर यो जागरणले मात्र हुँदैन, तीनै तहका सरकारले जगैदेखि पूर्वतयारीका काममा ध्यान दिने हो भने मात्र जोखिमको सजिलै सामना गर्न सकिन्छ ।' बीबीसी

# नेपाल नेत्रज्योति सङ्घ र नेपाल प्रहरी अस्पतालले सहकार्य गर्ने




**काठमाडौँ ।**
नेपाल नेत्रज्योति सङ्घ र नेपाल प्रहरी अस्पतालबीच आँखा उपचारमा आपसी सहकार्य गर्ने समझदारी भएको छ । मंगलवार प्रहरी प्रधान कार्यालयमा आयोजित एक कार्यक्रममा ती संस्थाबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रका अनुसार दुवै पक्षबीच जनशक्ति र विशेषज्ञताको आदानप्रदान तथा क्षमता अभिवृद्धि कार्यक्रमहरु अगाडि बढाउन र आँखा स्वास्थ्यका सम्बन्धमा जनचेतना अभिवृद्धि गरी रोकथामका उपायहरू अवलम्बन गर्ने कार्यमा सहकार्य हुनेछ । त्यसैगरी नेपाल प्रहरी अस्पताल (प्रादेशिक अस्पतालहरू समेत) बाट रिफर भई आएका बहालवाला प्रहरी कर्मचारीहरुको आँखासम्बन्धी उपचार तथा शल्यक्रियाहरू नेत्रज्योति सङ्घअन्तगर्तका आँखा अस्पतालहरुबाट निःशुल्क गरिनेछ ।

उक्त समझदारीपत्र हस्ताक्षर कार्यक्रममा सङ्घका महासचिव भरतबहादुर चन्दले नेपालबाट अन्धोपन निवारण गर्ने सङ्घको योजनामा दुई संस्थाबीचको सहकार्यले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । जनताको सेवामा खटिने प्रहरीसँग सहकार्य गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउँदै उनले आगामी दिनमा सेवा विस्तारका लागि सङ्घ सदैव तयार रहेको बताए ।

प्रहरी महानिरीक्षक दिपक थापाले शान्ति सुव्यवस्था कायम गराउन अहोरात्र खटिने प्रहरी कर्मचारीहरूलाई यस समझदारीले थप हौसला मिल्ने उल्लेख गरे । आगामी दिनमा समेत नेपाल प्रहरी र नेपाल नेत्रज्योति सङ्घबिच थप सेवा विस्तारका लागि समन्वय तथा सहकार्य हुने विश्वास उनले व्यक्त गरे ।समझदारीपत्रमा सङ्घका तर्फबाट महासचिव भरतबहादुर चन्द, कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्र तथा नेपाल प्रहरी अस्पतालका तर्फबाट मेडिकल डाइरेक्टर प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा सुन्दरप्रसाद ह्योजु, आँखारोग विभाग प्रमुख प्राविधिक प्रहरी उपरीक्षक डा ज्योति बाँस्तोला पौडेलले हस्ताक्षर गरेका छन ।

सन् १९७८ मा स्थापना भएको नेपाल नेत्रज्योति सङ्घले २८ आँखा अस्पताल, २२४ आँखा उपचार केन्द्र, र ४५ जिल्ला शाखामार्फत वार्षिक ३० लाखभन्दा बढी व्यक्तिलाई आँखासम्बन्धी सेवा दिँदै आएको छ । रासस

# सरकारले थामे बस्तीको पुनःनिर्माण गर्ने



**सोलुखुम्बु ।**
सरकारले जलवायु परिवर्तनजन्य विपद्बाट प्रभावित सगरमाथा क्षेत्रको थामे बस्तीको पुनःनिर्माण अघि बढाउने जनाएको छ । मंगलवार खुम्बु गाउँपालिका–५ थामेमा 'साथसाथै' नामक संस्थाले आयोजना गरेको आरोही सम्मेलनमा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले थामेको पुनःनिर्माणलाई सरकारले अपनत्व लिएको बताए ।

अन्तरराष्ट्रिय पृथ्वी दिवसका अवसर पारेर आयोजित आरोही सम्मेलनमा मन्त्री शाहीले बाढीका कारण भत्किएको थामे बस्तीको अवस्थाबारे गहिरो चिन्ता व्यक्त गर्दै तत्कालीन पुनःस्थापना र दीर्घकालीन पुनर्निर्माणमा सरकारले स्पष्ट रणनीतिसहित कार्ययोजना अघि बढाउने प्रतिबद्धता जनाए ।

उनले भने, 'हिमताल फुटेर आएको बाढीले थामेमा विनाश निम्त्याएको छ । यो केवल स्थानीय प्राकृतिक घटना होइन, यो वैश्विक जलवायु परिवर्तनको असर हो । नेपालले कुनै गल्ती नगरे पनि जलवायु सङ्कटको सजाय भोगिरहेको छ ।' मन्त्री शाहीका अनुसार यस्तो संवेदनशीलतालाई ध्यानमा राखी जलवायु न्यायको अन्तरराष्ट्रिय बहसमा नेपालले थप कडा आवाज उठाउनुपर्ने आवश्यकता छ । 'अब जलवायु सङ्कटबारे केवल बहस होइन, कार्यान्वयनमुखी दृष्टिकोण आवश्यक छ,' उनले भने ।

कार्यक्रममा रक्षा मन्त्री मानवीर राई, पर्यावरण तथा पर्वतारोहण क्षेत्रमा क्रियाशील विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, आरोही, वातावरणविद्, सञ्चारकर्मी र स्थानीय बासिन्दाको उपस्थिति छ ।

गतवर्षको भदौमा थामेमा हिमताल फुटेर आएको बाढीले थामेका दर्जनौँ घरसँगै खेतीयोग्य जमिन, पुल, पदमार्ग, बिजुली लाइन, खानेपानी योजना र धार्मिक संरचनामा समेत क्षति पु–याएको थियो । विस्थापित परिवार हाल अस्थायी टहरा र छिमेकीका घरहरूमा शरण लिएर बसेका छन् । सात महिना बितिसक्दा पनि पुनःनिर्माण अघि बढ्न सकेको छैन ।रासस

# बेलौरीमा जलेको अवस्थामा रानाको शव भेटियो

**कञ्चनपुर**
बेलौरी नगरपालिका–१० शिवनगरमा ५० वर्षीय हरिकिसन रानाको शव मंगलवार जलेको अवस्थामा भेटिएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक उमेश जोशीका अनुसार शरिरको बाहिरी भाग जलेको अवस्थामा रानाको शव फेला परेको हो । शव फेला परेको स्थान नजिकै तोरीको भुसामा उनको मोटरसाइकल समेत जलाइएको पाइएको छ ।

बेलडाँडी गाउँपालिका–३ का बासिन्दा राना भैँसीपालन गरी दुग्ध व्यवसाय सञ्चालन गर्दैआएका थिए । 'घटनास्थलमा प्रहरी टोली पुगेको छ,' प्रहरी नायब उपरीक्षक जोशीले भने, 'के कति कारणले रानाको मृत्यु भयो भन्नेबारे अनुसन्धान गर्दैछौँ ।' रासस

# थामेमा जलवायुसम्बन्धी सम्मेलन

**सोलुखुम्बु ।**
थामेमा आयोजित 'आरोही सम्मेलन, जलवायु न्यायका लागि संवाद' विषयक सम्मेलन सम्पन्न भएको छ । साथसाथै फाउन्डेसनले आयोजनामा भएको सम्मेलन उद्घाटन गर्दै रक्षामन्त्री मानवीर राईले पृथ्वी बचाउ अभियानमा सबै एकताबद्ध हुनुपर्ने बताए । त्यसका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायसँग सहकार्य गर्ने उनको भनाइ थियो ।

मन्त्री राईले जलवायु परिवर्तनको असरका कारण हिमताल विस्फोट हुँदा आएको बाढीले पर्यटकीय नगरी थामेबस्ती तहसनहस बनाएको स्मरण गर्दै थामेबस्ती पुनःनिर्माणको काम सरकारले अघि बढाउने बताए । उनले भने, 'जलवायु परिवर्तनले हामी आक्रान्त छौँ तर यसको न्यूनीकरणमा सबै जुट्नुपर्छ । त्यसका लागि सरकार अघि बढिसकेको छ ।'

कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनजन्य विपत्तिबाट प्रभावित समुदायको पुनःनिर्माण कार्यलाई नेपाल सरकारले अगुवाइ गरेर अघि बढाउने घोषणा गरे । मन्त्री शाहीले बाढीपीडित बस्तीको पुनःनिर्माणलाई सरकारले 'अपनत्व' लिएको र सरकार सधैँ खुम्बुवासीको पक्षमा रहेको बताए । कतारकी राजकुमारी तथा सगरमाथा आरोही आश्मा अलथानीले हरेक विकासमा जलवायु परिवर्तनको मुद्दालाई केन्द्रमा राख्नुपर्ने बताए । उनले भने, 'हिमालमा हिउँ रित्तिँदै गएको महसुस भइरहेको छ, हरेक वर्ष हिमालमा हिउँ घट्दै जानु भनेको ठूलो खतराको सङ्केत हो । यसको न्यूनीकरणमा हामी सबै जुटौँ ।' थामेजस्ता बाढीपीडित क्षेत्रको पुनःनिर्माणमा नेपाल मात्र नभई विश्व समुदाय नै जुट्नुपर्ने थानीको भनाइ छ ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले थामेको पुनःनिर्माण, पुनःस्थापना र परिपुरणका लागि तीनै तहका सरकार योजनाबद्ध ढङ्गले अघि बढ्नुपर्ने सुझाव दिए । उनले सञ्चार क्षेत्रले जलवायु परिवर्तनका मुद्दालाई प्राथमिकताका साथ उठान गर्नुपर्ने बेला आएको बताए । ट्रेकिङ ऐजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का वरिष्ठ उपाध्यक्ष कर्मा शेर्पाले पर्यटन पूर्वाधार विकास तथा क्षतिग्रस्त संरचना निर्माणका लागि ढिला भइसकेको बताए । थामे खोलामा आएको बाढीले सगरमाथा क्षेत्रको पर्यटकीय संरचना ध्वस्त भएकाले यसको निर्माणमा जुट्न उनले सरकारलाई आग्रह गरे ।

आयोजक संस्थाका अध्यक्ष प्रजिता कार्कीले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम प्रभावित क्षेत्रमै पुगेर गर्दा फलदायी हुने बताइन् । पृथ्वी बँच्यो भने मात्रै प्राणी जगत्को अस्तित्व सम्भाव हुने भन्दै उनले अब पृथ्वीको न्यायका लागि सबैले सशक्त भूमिका खेल्नुपर्ने बताइन् ।

खुम्बु पासाङल्हामु गाउँपालिका अध्यक्ष मिङ्मा छिरी शेर्पाले बाढी प्रभावितका लागि राहत र पुनःनिर्माणका लागि स्थानीय सरकार अहोरात्र खटिरहेको बताए । अन्तरराष्ट्रिय पत्रकार महासङ्घका कार्यकारी सदस्य बद्री सिग्देलले खुम्बु जस्तो विकट क्षेत्रमा सरकारका मन्त्री आफैँ उपस्थित भएर जनगुनासो सुन्नु सकारात्मक भएको बताए । नेपाल पत्रकार महासङ्घ सोलुखुम्बुका अध्यक्ष सुवास दर्नालले सगरमाथासहितका हिमालको सुरक्षा, हिमशृङ्लाको अस्तित्व र पृथ्वीको सन्तुलनका निम्ति सबै पत्रकार एकठाउँमा उभिनुपर्नेमा जोड दिए ।

सम्मेलनमा आरोही, जनप्रतिनिधि, सरकारी अधिकारी र स्थानीयवासीसहित भएको छलफल र संवादपछि पाँचबुँदे घोषणापत्र जारी गरिएको छ । घोषणापत्रमा थामेसहितका बाढीपहिरोपीडितका मुद्दालाई आगामी जेठ २ गते हुने सगरमाथा संवादमा प्राथमिकताका साथ उठान गर्नुपर्ने र त्यसका लागि सबै आरोही एकजुट हुनेलगायत घोषणा समेटिएका छन् । कार्यक्रममा नेपाल पर्यटन बोर्ड, नेपाल पर्वतारोहण सङ्घसहितका विभिन्न सङ्घ संस्थाले सहकार्य गरेका थिए ।

# कम्युनिष्टहरुलाई एकताबद्ध गर्नु आजको आवश्यकता होः अध्यक्ष दाहाल

**काठमाडौ ।**
नेपाल कम्युनिष्ट पार्टी ( नेकपा ) को ७६औँ स्थापना दिवस तथा १५६औँ लेनिन जयन्तीका अवसरमा मंगलवार पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको कम्युनिष्ट आन्दोलनको ऐतिहासिक यात्रा, वर्तमान अवस्था र भावी दिशाबारे मन्तव्य व्यक्त गर्दै लेनिनको जन्मजयन्तीका दिन पार्टीको स्थापना हुनु ऐतिहासिक संयोग मात्र नभई प्रेरणाको विषय भएको बताए ।



अध्यक्ष दाहालको निजी सचिवालयका अनुसार उनले 'लेनिनबाट प्रेरणा लिएर स्थापना गरिएको नेपाल कम्युनिष्ट पार्टी आज ७७ वर्षको भएको छ, जुन सम्पूर्ण कम्युनिष्ट आन्दोलनका लागि गर्वको विषय हो', भने ।

उनले कम्युनिष्ट पार्टीको सङ्घर्षपूर्ण इतिहासको चर्चा गर्दै कम्युनिष्ट आन्दोलनले विभाजन र बलिदानबीच आजको अवस्थामा आइपुगेको उल्लेख गर्दै भने, 'आजको आवश्यकता कम्युनिष्टहरुलाई फेरि एकताबद्ध गर्नु हो । हामी विचार, सिद्धान्त र सच्चा कम्युनिष्टहरूका वैचारिक आधारमा एकता चाहन्छौँ । जनतामाझ पुगेर आफ्ना कमजोरीहरू सच्च्याउने प्रक्रियामा छौं ।' रासस

# कक्षा १२ को परीक्षा वैशाख ११ गतेदेखि

**भक्तपुर ।**
राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा यही वैशाख ११ गतेदेखि सञ्चालन गर्ने निर्णय गरेको छ । सानोठिमीमा मंगलवार बसेको बोर्डको बैठकले पूर्वनिर्धारित समयमै परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो ।

शिक्षक सहभागी नभए निजामति कर्मचारी परिचालन गरेरै भए पनि परीक्षा सञ्चालन गर्ने निर्णय गरेको बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए । परीक्षाको समय फेरबदल गर्दा विद्यार्थीको परीक्षाको तयारीमा असर पर्ने तथा समय खेर जाने भएकाले परीक्षा नरोक्ने उनले बताए । प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला परीक्षा समन्वय समितिलाई जिम्मेवारी दिएर परीक्षा सञ्चालन गर्ने निर्णय भएको नियन्त्रक शर्माले बताए ।

प्रमुख जिल्ला अधिकारीले प्रत्येक परीक्षा केन्द्रमा जिल्लास्थित निजामति कर्मचारीलाई परिचालन गरेर निर्धारित समयमै परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो । आन्दोलनमा सहभागी नभएका शिक्षकलाई परीक्षा केन्द्रमा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष बनाउने र त्यस्तो अवस्था नभएका केन्द्रमा प्रमुख जिल्ला अधिकारीले नै निर्णय गरेर व्यवस्थापन गर्ने गरी परीक्षा सञ्चालन गरिने भएको छ ।

बोर्डको आजको बैठकले आन्दोलनरत शिक्षकलाई कक्षा १२ को परीक्षा सञ्चालन गर्न सहयोग गर्न आह्वान गरेको छ । यसवर्ष कक्षा १२ को परीक्षामा करिब पाँच लाख विद्यार्थी सहभागी हुनेछन् । परीक्षाका लागि जापानमा एउटासहित एक हजार ५९१ परीक्षा केन्द्रको व्यवस्था गरिएको छ । त्यति नै सङ्ख्यामा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष तथा विद्यार्थी सङ्ख्याको आधारमा करिब दुई हजार कर्मचारी, प्रत्येक परीक्षा केन्द्रमा कम्तिमा एक कार्यालय सहयोगी र २० हजार सुरक्षाकर्मी परिचालन गरिने बोर्डले जनाएको छ । रासस

# शिक्षामन्त्रीको राजीनामा स्वास्थ्यका कारण आएको होः प्रधानमन्त्री

**काठमाडौं ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आफूसँग असहमति नभई स्वास्थ्यका कारण राजीनामा दिएको स्पष्ट गरेका छन ।

नेपाल कम्युनिष्ट पार्टीको ७६ औँ स्थापना दिवसका अवसरमा आयोजित मन्त्री भट्टराईको राजीनामालाई प्रधानन्त्रीको असहयोग र उपेक्षाका कारण भनेर बाहिर चर्चा गरिएका असन्तुष्टि जनाउँदै भने, 'उहाँ मैले बनाएको मन्त्री हो, मैले काम लगाइरहेको छु, सहयोग गरिरहेको छु, सिकाइराखेको छु, ठूलो मन्त्रालय छ, अहिले स्वास्थ्य ठिक भएन भनेर राजीनामा दिनुभएको हो, यसमा अन्य प्रचारबाजी गर्नुको कुनै अर्थ छैन ।'

प्रधानमन्त्री ओलीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा स्वास्थ्य परीक्षणका लागि बैँकक गएको सन्दर्भलाई पनि सरकार ढल्छ भन्ने खालका हल्लासँग जोड्न खोजिएको टिप्पणी गर्दै एमाले र काँग्रेससँगको सहमति बमोजिम १५ महिनापछि आफूले सभापति देउवालाई प्रधानमन्त्री हस्तान्तरण गर्ने दोहोरयाएका छन् ।

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेपाल कम्युनिष्ट पार्टीको ७६औँ स्थापना दिवसका अवसरमा ६ ज्येष्ठ नेताहरुलाई कम्युनिष्ट योद्धा सम्मान प्रदान गरेका छन ।

स्थापना दिवसका अवसरमा पार्टीद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले रत्नप्रसाद शर्मा न्यौपाने (मरणोपरान्त), लालबहादुर विश्वकर्मा (कञ्चनपुर), वाचस्पति देवकोटा (गोरखा), शान्ता मानवी (काठमाडौँ), सत्यनारायण मण्डल (सप्तरी), शोभाराम बस्नेत (दाङ) र हरिचरण शिवाकोटी (झापा) लाई उक्त सम्मान प्रदान गरेका हुन ।

कार्यक्रममा पञ्चायतकालीन भूमिगत जीवनमा पार्टीका नेताहरुको सङ्घर्षमा आधारित पुस्तक 'सेल्टर' को विमोचन गरिएको थियो । रासस

# विपद् न्यूनीकरणमा एकजुट हुन मुख्यमन्त्री पाण्डेको आग्रह

**कास्की**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राकृतिक विपद् न्यूनीकरण, खोज, उपचार र राहतलगायतका काममा सरोकारवाला सबै एकजुट हुन आग्रह गरेका छन ।

सशस्त्र प्रहरी बलले मंगलवार पोखरा महानगरपालिका–३१ स्थित बेगनास तालमा गरेको विपद् प्रतिकार्य नमूना अभ्यासको अवलोकनपछि उनले गण्डकी प्रदेश प्राकृतिक रुपमा जति सुन्दर छ त्यति नै विपद्का दृष्टिले जोखिमयुक्त रहेको बताए ।

'तालैतालको सहर पोखरामा जलउत्पन्न प्रकोपका घटना बढी हुने भएकाले यसतर्फ प्रदेश सरकारको ध्यान केन्द्रित भएको छ', उनँले भने, 'फेवातालमा जस्तै उद्धार टावर बेगनास तालमा पनि निर्माण गर्न प्रदेश सरकारले काम अगाडि बढाएको छ ।' सशस्त्र प्रहरी बलको पोखरास्थित मुक्तिनाथ बाहिनीको संयोजन र कालिका गणको आयोजना भएको उक्त विपद् प्रतिकार्य नमूना अभ्यासले जलउत्पन्न प्रकोप न्यूनीकरणमा थप सहयोग पुग्याउने मुख्यमन्त्री पाण्डेले बताए ।

विपद्का घटना न्यूनीकरण गर्न गण्डकी प्रदेश सरकारले सबै सुरक्षा निकायसँगको समन्वय र सहकार्यमा विपद् नमूना अभ्यास, तालिम, प्रतिकार्य र सामग्री हस्तान्तरणका कार्यक्रम सञ्चालनमा सहकार्य गर्दै आएको उनको भनाइ थियो ।

मुख्यमन्त्री पाण्डेले पानीजन्य विपद्को जोखिम न्यूनीकरण गर्न प्रदेश सरकारले सशस्त्र प्रहरी बलसँगको सहकार्यमा गोताखोर तालिम सञ्चालन गरिएको जानकारी दिए ।

उनले स्थानीय समुदायलाई पनि विपद्को समयमा गर्नुपर्ने कार्यहरु तथा अपनाउनुपर्ने संयमताका बारेमा जानकारी गराउनुपर्ने उल्लेख गरे । 'सक्रिय तयारी, सुदृढ समन्वय र स्थानीय तहसम्म उद्धार क्षमताको विकासले विपद्बाट हुने ठूलो क्षति न्यूनीकरण गर्न सकिन्छ', मुख्यमन्त्री पाण्डेले भने । उनले प्रदेशस्तरमा १० करोड रुपैयाँ नघट्ने गरी र जिल्लास्तरमा १० लाख रुपैयाँ नघट्ने गरी विपद् व्यवस्थापन कोष सञ्चालन गरिएको जानकारी दिए । रासस

# नेप्से परिसूचकमा नौ दशमलव १६ अङ्कको गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा नौ दशमलव १६ अङ्कको गिरावट आएको छ । मंगलवार नेप्से परिसूचक शून्य दशमलव ३६ प्रतिशतले घटेर दुई हजार छ सय ८८ दशमलव ३२ को विन्दुमा कायम भएको हो ।

आज ३१९ कम्पनीको दुई करोड २५ लाख ५५ हजार ७१३ कित्ता शेयर ७१ हजार ६९४ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३२ करोड १२ लाख ८२ हजार १८८ बराबरको कारोबार भएको छ ।
आजको कारोबारमा होटल तथा पर्यटन समूह शून्य दशमलव ७९, उत्पादन तथा प्रशोधन समूह एक दशमलव १८ र अन्य समूह दुई दशमलव २१ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ ।
नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने कर्पोरेट डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।
कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै डादी ग्रुप पावर लिमिटेडको रु ४४ अर्ब ६० करोड ३७ लाख ९४६ बराबरको शेयर खरिदबिक्री भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने एनएमबी सुलभ इन्टेष्टमेन्ट फन्ड–२ को १८ लाख १७ हजार १७५ कित्ता शेयर किनबेच भएको छ ।रासस

# तरकारी खेतीबाट आत्मनिर्भर मीना



**गोरखा**
यहाँको गोरखा नगरपालिका–७ डण्डीडाँडाकी ४३ वर्षीया मीना कोइराला प्रायः खेतबारीमै भेटिन्छ । उनले कोइरालाटोलमा सात रोपनी जग्गा भाडामा लिएर विगत ११ वर्षदेखि व्यावसायिक तरकारीखेती गर्दै आएकी छन ।
मौसमी तरकारीसँगै प्याजको बेर्ना बिक्री गरी वार्षिक एक लाख रुपैयाँ बढी आम्दानी लिने गरेको कोइराला बताउछिन । '११ वर्षअघि पाखो बारी भाडामा लिएर तरकारीखेती सुरु गरेकी हुँ । अहिले पनि वार्षिक १० हजार भाडा तिर्छु', उनले भनिन । तरकारीखेतीमा सिँचाइ अभाव र बाँदरले सताउने गरे पनि आफ्नो कर्म नछाडेको उनि बताउछन ।
मीनाको श्रीमान् दुबईमा वैदेशिक रोजगारीमा छन । जेठी छोरी पनि दुबईमै नर्सिङ पेसामा छन । 'कान्छी छोरी काठमाडौँ डेन्टल पढ्छे । छोरो यो वर्ष कक्षा ९ मा पुग्या', उनले भनिन, 'मेरो कमाइले छोरा छोरी पढाउन, घरखर्च चलाउन पुग्छ । जे होस् अहिलेसम्म अरूसँग हात फैलाउनु परेको छैन ।'
यतिखेर उहाँको बारीमा अहिले ढकमक्क बन्दागोभी छ । काँक्रो, करेला र खुर्सानी गोड्ने बेला भएको छ । 'बन्दापछि काँक्रो, करेलालगायत अन्य मौसमी तरकारीहरुको 'सिजन' सुरु हुन्छ । त्यसपछि प्याजको बीउ तयार गर्छु', उन भनिन 'विषादी प्रयोग गर्दिनँ ।'
उनका अनुसार ११ वर्षअघि गाउँमा व्यावसायिक तरकारीखेती गर्ने चलन थिएन । जब उनले तरकारी खेती गरेर आम्दानी लिन थालिन, त्यसपछि अरुले उनकै सिको गरे । उन महिलाहरुले पनि केही न केही पेसा वा व्यवसाय गरे श्रीमान्को कमाइमा निर्भर हुनु नपर्ने बताउछिन ।
उनले हालसम्म कुनै कृषि फार्म दर्ता गरी सरकारी अनुदान लिनुभएको छैन । उन भने 'म आफूले जे जति सक्छु गर्छु । अरूले अनुदान देलान्, साथ, सहयोग गर्लान् भनेर आशा लाग्दैन ।' उनको तरकारी बिक्री गर्ने मुख्य बजार गोरखा सदरमुकाम हो ।
व्यापारीहरु तरकारी लिन मीनाको बारीमै पुग्छन् । पहिलेजस्तो बजारको समस्या नभएको उनको अनुभव छ । गोरखा नगरपालिका–७ का वडाअध्यक्ष विष्णुप्रसाद श्रेष्ठले कोइराला जस्ता परिश्रमी महिलालाई प्रोत्साहन गर्ने गरेको बताईन ।रासस

# बागमती प्रदेश सरकारको नौ महिनामा ३२ प्रतिशत बजेट खर्च




**बागमती ।**
आर्थिक वर्ष २०८१÷८२ को नौ महिनामा बागमती प्रदेश सरकारले ३२ दशमलव ५१ प्रतिशत बजेटमात्र खर्च गरेको छ । प्रदेश सरकारले आव २०८१÷८२ को साउनदेखि चैतसम्ममा पुँजीगततर्फ २८ दशमलव २४ प्रतिशत र चालुतर्फ ४० दशमलव ५१ प्रतिशत बजेट खर्च गरेको आन्तरिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी इन्द्रराज सञ्ज्यालले जानकारी दिए । उनका अनुसार चालु आव २०८१÷८२ को नौ महिनामा पुँजीगततर्फ १० अर्ब ४९ करोड सात लाख ११ हजार रुपैयाँ र चालुतर्फ १० अर्ब ४९ करोड सात लाख ५५ हजार रुपैयाँ गरी २० अर्ब ९८ करोड १४ लाख ६६ हजार रुपैयाँ बजेट प्रदेश सरकारले खर्च गरेको छ ।
प्रदेश सरकारले आव २०८१÷८२ का लागि ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँको बजेट ल्याएको थियो । बजेटमध्ये चालुको तुलनामा पुँजीगततर्फको बजेट कम खर्च भएको उनको भनाइ छ । विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ६८ दशमलव ४३ प्रतिशत, प्रदेशसभा सचिवालयले ४३ दशमलव ६९ प्रतिशत बजेट खर्च गरेको छभने सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले १६ दशमलव ४३ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ ।
आवको पहिलो चौमासिकसम्म चालु खर्च बढी हुने र पुँजीगत खर्च कम हुने गरेको र केही महिनाअघिबाट मात्र कतिपय योजना कार्यान्वयनमा गएकाले अहिले खर्च कम देखिएको सूचना अधिकारी सञ्ज्यालले बताए ।रासस

# बर्सेनि चैते धानखेतीप्रति किसानको आकर्षण बढ्दै



**कैलाली ।**
भजनी नगरपालिकाका कृष्ण चौधरी विगत पाँच वर्षदेखि चैते धानखेती गर्दै आएका छन । पाँच कट्ठा क्षेत्रफलबाट सुरु गरेको चैते धान अहिले तीन बिघामा फैलिएको छ ।
राम्रो उत्पादन दिने भएपछि उनले खेती विस्तार गर्दै लगेको बताए । 'मिहिनेत बढी छ, सिँचाइको सुविधा पुर्याउन सक्यो भने बर्खे धानभन्दा चैते धानले बढी उत्पादन दिन्छ', उन भने 'बजारको पनि समस्या छैन । उत्पादन राम्रो हुने भएपछि किसानको आकर्षण बढ्ने नै भयो ।'
वर्षातका समयमा डुबानका कारण कुनै खेती नहुने भएकाले पनि कृष्णजस्ता सयौँ किसानका लागि चैते धान विशेष बनेको छ । जिल्लाकै सबैभन्दा बढी डुबानको चपेटामा पर्ने भजनीका फाँट यतिबेला धानले हरियाली छन् । हिउँदे बाली भित्र्याएर अधिकांश किसानले धान रोपेका छन् । कतिपय किसान अझै पनि धान रोप्न व्यस्त छन् । 'हाम्रो यता बर्खाको समयमा डुबान बढी हुने भएका कारण खेती हुँदैन', सोही ठाउँका बलदेव चौधरी भने, 'चैते धान नै प्रमुख बनेको छ । त्यहीँ उत्पादन भएको धानले खान पुगेको छभने अन्य आर्थिक कारोबार पनि त्यसैबाट टर्ने गरेको छ ।'
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले भजनी क्षेत्रमा चैते धान विस्तार कार्यक्रम सञ्चालन गर्दै आएको छ । नगरपालिकाको वडा नं ३ र ८ मा धान जोन नै सञ्चालन गरेको छ । किसानमा चैते धानप्रति देखिएको आकर्षणले धानखेती विस्तार कार्यक्रम राम्रो बन्दै गएको परियोजना प्रमुख गोविन्दराज जोशी बताउछन । 'परियोजनाले जोन नै सञ्चालन गरेपछि किसानले ठूलो सहुलियत पाउनुभएको छ । बर्सेनि धानखेती विस्तार पनि हुँदै गएको छ', उनले भने, 'गत वर्ष करिब पाँच सय हेक्टरमा चैते धानमा परियोजनाको सहयोग रहेको थियो भने यस वर्ष झन्डै पाँच सय हेक्टरमा विस्तार भएको छ ।'
परियोजनाले भजनीसहित कैलारी गाउँपालिका, जोशीपुर गाउँपालिका र घोडाघोडी नगरपालिकामा पनि चैते धान विस्तार कार्यक्रम सञ्चालन गर्दै आएको छ । परियोजना प्रमुख जोशीका अनुसार यस वर्ष परियोजनाले एक हजार हेक्टरमा चैते धान विस्तारमार्फत सहयोग गरेको छ । उनले किसानलाई बीउसँगै अन्य कृषि उपकरणमा परियोजनाले सहयोग गर्दै आएको बताए ।
कृषि ज्ञान केन्द्रको तथ्याङ्कानुसार यस वर्ष एक हजार पाँच सय हेक्टरमा चैते धानखेती भइरहेको छ । गत वर्षको भन्दा यस वर्ष तीन सय हेक्टरले धानखेती बढेको ज्ञान केन्द्रका प्रमुख टेकबहादुर विष्टले जानकारी दिए । 'एकिन तथ्याङ्क त सङ्कलन भइसकेको छैन, त्यहीँ एक हजार पाँच सयभन्दा बढी हेक्टरमा धानखेती भएको छ । जसमध्ये ज्ञान केन्द्रले दुई सय ५० हेक्टरमा सहयोग गरेको छ', उनले भने, 'जसमध्ये ८० प्रतिशत धानखेती भजनी नगरपालिकामा भइरहेको छ ।'
भजनीमा २०६३ सालमा आएको बाढीका कारण एक करोड ५० लाख रुपैयाँ भन्दा बढीको धान बालीमा क्षति भएपछि त्यसको विकल्पमा किसानले चैते धान सुरु गर्न थालेको विष्ट बताउछन । बर्खे धानभन्दा राम्रो उत्पादन दिने भएका कारण किसानको आकर्षण बढ्दै गए पनि लागत भने महँगो हुने गरेको उनको भनाइ छ । 'अहिलेको सिजनमा सिँचाइको सहज पहुँच हुँदैन, जमिनमुनिबाट पानी तानेर सिँचाइ गर्न महँगो पर्छ', उनले भने, 'सिँचाइमा सहजताका लागि हामीले बिजुलीमा सहुलियतका लागि किसानलाई सहयोग पुग्नेगरी कार्यक्रम बनाइरहेका छौँ ।' किसानलाई धान बाली भित्र्याउन र धान सुकाउन आवश्यक मेसिनरी अनुदानको योजनामा ज्ञान केन्द्र रहेको विष्टले बताए ।
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र कृषि ज्ञान केन्द्रले चैते धानमा सहयोग गरेपछि भजनी नगरपालिकाले यस वर्ष सो क्षेत्रमा सहयोग गरेको छैन । कार्यक्रमको 'डुब्लिकेसन' हुने भन्दै सो कार्यक्रम चालु आवमा समावेश नगरिएको नगरपालिकाका कृषि शाखा प्रमुख सुशोभन अधिकारीले बताए । 'हामीले कार्यक्रम नराखे पनि प्राविधिक सहयोग भने रहेको छ', उनले भने 'चैते धानमा बर्सेनि किसानको सङ्ख्या बढ्दै गएको छ । यस वर्ष नगरपालिका क्षेत्रभित्र एक हजार हेक्टरभन्दा बढीमा चैते धान विस्तार भएको छ ।' उनले आवश्यकताका आधारमा किसानलाई सहजीकरण गर्दै आएको बताए ।
सरकारले पनि पहिलोपटक चैते धानको समर्थन मूल्य तोकेको छ । सरकारले चैते धानको समर्थन मूल्य तोक्नुपर्ने माग गर्दै आएका किसान यतिबेला धानको समर्थन मूल्य तोकिएपछि झन् खुसी भएका छन् । 'बजारमा धानको मूल्य हामीले तोक्न पाइरहेका थिएनौँ । व्यापारीले जति दिन्छ, त्यतिमै चित्त बुझाउनुपर्ने स्थिति थियो', किसान कल्लु डगौराले भने, 'अब हामीले धानको मूल्य पाएका छौँ । त्यसकारण पनि किसानले यस वर्ष बढी धान लगाएका छन् ।' सरकारले चैते धानको प्रतिक्विन्टल रु दुई हजार ८००.६९ समर्थन मूल्य तोकेको छ ।रासस

# ट्रम्पको धम्कीले क्युबेकलाई क्यानाडाको नजिक ल्याउँदै

**मन्ट्रियल ।**
लामो समयदेखि गहिरो जरा भएको स्वतन्त्रता आन्दोलनका लागि परिचित क्युबेकले डोनाल्ड ट्रम्पको तीखो आक्रमणको सामना गर्दै क्यानाडाको भागका रूपमा आफ्नो पहिचानलाई दुर्लभ जोशका साथ अँगाल्दै आएको छ । अमेरिकाको उत्तरी छिमेकी विरुद्ध अमेरिकी राष्ट्रपतिको आक्रमण र यसलाई ५१औँ राज्य बनाउने उनको घोषित लक्ष्यले देशभरका मानिसहरूलाई २१औँ शताब्दीमा क्यानाडाली हुनुको अर्थ के हो भनेर पुनर्विचार गर्न प्रेरित गरेको छ । उक्त पुनर्विचारलाई आउँदै गरेको सामान्य निर्वाचनले थप प्रोत्साहन दिएको छ ।
अपेक्षाहरू विपरीत क्यानाडाको बहुमतबाट आफूलाई अलग राख्न मन पराउने क्युबेक–फ्रान्सेली भाषी प्रान्त नयाँ देशभक्तिको भावनालाई सबैभन्दा बढी उत्साहपूर्वक अपनाउनेहरू मध्ये एक भएको छ ।
'यो पागलपन हो, केवल केही हप्तामा मैले धेरै कुरामा विकास गरेको छु – म आफूलाई धेरै क्यानोडाली भएको महसुस गर्दछु', क्यारोल पोटभिनले स्वतन्त्रता समर्थक ब्लक क्युबेकिस पार्टीको गढ रहेको मन्ट्रियल छिमेकमा कफी पिउँदै बसेर फ्रान्सेली भाषामा भने, 'हामीले खतरामा परेको महसुस ग¥यौँ र अमेरिकी शत्रुको सामना गर्न मलाई यो स्पष्ट लाग्छ कि हामी एकजुट हुनुपर्छ ।'
क्युबेकको विशिष्ट संस्कृति र राजनीतिक इतिहाससँगै यस भाषाले स्वतन्त्रताको सपनालाई पोषण गरेको छ ।
विभाजनबारे प्रान्तको सबैभन्दा भर्खरको जनमतसङ्ग्रह सन् १९९५ मा भएको थियो । यद्यपि हालसम्म धेरैले नयाँ जनमत सङ्ग्रह चाँडै हुन सक्ने आशा गरेका थिए ।कतिपयका लागि सीमाको दक्षिणमा ट्रम्पको शपथग्रहण पछिका हप्ताहरूले सबै कुरा परिवर्तन गरेको छ ।
'म लामो समयदेखि क्युबेक स्वतन्त्र हुने पक्षमा थिएँ, तर मलाई लाग्छ आजको संसारमा यो समयको बर्बादी हो', पोटभिनका साथी पियरे चोइनियरले भने, 'जब तपाईँ अमेरिकाविरुद्ध हुनुहुन्छ, तपाईं ठूलो र बलियो हुनुपर्छ ।'
क्युबेकवासीहरूले क्यानाडाली भएकोमा 'गर्व' वा 'धेरै गर्व' भएको मतदानकर्ताहरूलाई बताउने अनुपात डिसेम्बर २०२४ मा ४५ प्रतिशतबाट बढेर दुई महिनापछि ५८ प्रतिशत भयो ।
क्युबेकवासीहरूको समग्र 'गर्व' अनुपात क्यानाडामा सबैभन्दा कम भए तापनि 'धेरै गर्व' गर्नेहरूको सङ्ख्या समग्र आँकडाभन्दा पनि बढी बढेको छ ।
यस्ता सङ्ख्याहरूले जुन केवल फ्रान्सेली भाषी प्रान्तमा मात्र चुनावका लागि उम्मेदवार खडा गर्ने ब्लक क्युबेकोइसलाई अस्थिर बनाएको छ ।
शरद ऋतुसम्म यसले २०२१ मा क्यानाडाको संसद्मा ३३ सिट सुरक्षित गरेपछि अप्रिल २८ को राष्ट्रिय चुनावमा समर्थन बढ्ने अपेक्षा गरेको थियो ।
'पार्टीले कहिल्यै यस्तो बलियो प्रतिकूल हावाको सामना गरेको छैन', सन् २००७ देखि सन् २०२१ सम्म क्युबेक सिटीका मेयर रहनुभएका स्वतन्त्रता समर्थक राजनीतिक अनुभवी रेजिस लाबेउमले भने, 'क्यानाडाको एकता बढ्दै जाँदा आफूलाई स्थापित गर्न सजिलो छैन, यस पटक धेरै मानिसले
लाबेउमले क्यानाडाको समृद्धि र सार्वभौमसत्तामा ट्रम्पको खतरामा मतदाताहरूको आघातबाट स्पष्ट रूपमा परिवर्तन भएको देख्नुहुन्छ ।
'क्यूबेकवासी र क्यानाडालीका रूपमा हामीले कहिल्यै युद्ध देखेका छैनौँ, हामी कहिल्यै हाम्रो शारीरिक अखण्डताका लागि डराएका छैनौँ, त्यसैले यी धम्कीहरू ठूलो आघात हुनुको कारण यही हो', लाबेउमले भने, "मानिसहरू अचम्मित छन् ।'
यसैबीच अन्य पृथकतावादीहरूले गिलासलाई आधा भरिएको रूपमा हेर्ने प्रयास गरिरहेका छन् ।
'हामी गम्भीर खतराको सामना गरिरहेको बेला पनि लगभग एक तिहाई मानिसहरू क्यूबेकको स्वतन्त्रता चाहन्छन', पृथकतावादी महासङ्घ ओइ क्युबेकका अध्यक्ष क्यामिले गोयेट–जिङ्ग्रासले भने, 'हाम्रो प्रान्त क्यानाडाको बाँकी भागभन्दा आर्थिक रूपमा फरक छ र त्यसैले हामी आफ्नो रक्षा गर्न सक्षम हुनुबाट लाभान्वित हुनेछौँ ।'
यस्ता तर्कहरू हुँदाहुँदै पनि पछिल्लो जनमत सर्वेक्षण अनुसार ब्लक क्यूबेकोइसले आउँदो चुनावमा प्रान्तको मतको केवल २५ प्रतिशत मात्र पाउने देखिन्छ ।यसले पृथकतावादीहरूलाई पछिल्लो पटक जितेको सिट सङ्ख्याको लगभग आधा मात्र छोड्न सक्छ । यो राष्ट्रिय परिणामको केवल पाँचदेखि छ प्रतिशत मात्र हो । एएफपी

# प्रधानमन्त्री मोदी साउदी अरेबिया प्रस्थान

**नयाँदिल्ली ।**
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी मङ्गलबार साउदी अरबको जेद्दाहका लागि प्रस्थान गरेका छन ।
साउदी अरबका युवराज तथा प्रधानमन्त्री मोहम्मद बिन सलमानको निमन्त्रणामा उनले अप्रिल २२ देखि २३ सम्म साउदी अरबको भ्रमण गर्ने बताइएको छ ।
सन् २०१४ देखि प्रधानमन्त्री मोदीले साउदी अरब र खाडी मुलुकहरूसँग भारतको सम्बन्धको दिशा परिवर्तन गरेका छन । सन् २०१६ र २०१९ मा साउदी अरबको भ्रमणपछि यो उहाँको तेस्रो भ्रमण हुनेछ । खाडी क्षेत्रको कुनै मुलुकको उनको यो १५औँ भ्रमण पनि हो ।
'आज म साउदी अरबका राजकुमार तथा प्रधानमन्त्री मोहम्मद बिन सलमानको निमन्त्रणामा साउदी राज्यको दुई दिने राजकीय भ्रमणमा प्रस्थान गर्दैछु', उनले प्रस्थानपूर्व विज्ञप्तिमा भने ।
'हालैका वर्षहरूमा रणनीतिक गहिराइ र गति प्राप्त गरेको साउदी अरबसँगको लामो र ऐतिहासिक सम्बन्धलाई भारतले गहिरो महत्त्व दिन्छ', उनले भने, 'सँगै, हामीले रक्षा, व्यापार, लगानी, ऊर्जा र जनता–जनता सम्बन्धका क्षेत्रहरू सहित पारस्परिक रूपमा फाइदाजनक र ठोस साझेदारी विकास गरेका छौँ । क्षेत्रीय शान्ति, समृद्धि, सुरक्षा र स्थिरता प्रवद्र्धन गर्न हाम्रो साझा चासो र प्रतिबद्धता छ ।'
साउदी अरबमा जीवन्त भारतीय समुदायसँग सम्पर्क गर्न पनि उत्सुक रहेको उल्लेख गर्दै प्रधानमन्त्री मोदीले भने, 'भारतीय समुदायले हाम्रा राष्ट्रहरू बीचको जीवित पुलको रूपमा सेवा गरिरहेको छ र सांस्कृतिक र मानवीय सम्बन्धलाई सुदृढ पार्न अपार योगदान पु¥याइरहेको छ ।'
शनिबार एक विशेष पत्रकार सम्मेलनमा विदेश सचिव विक्रम मिस्रीले भ्रमणले प्रमुख क्षेत्रीय र विश्वव्यापी मुद्दाहरू छलफल गर्ने महत्त्वपूर्ण अवसर प्रदान गर्ने बताए । यसमा पश्चिम एसियाको अवस्था, इजरायल–प्यालेस्टिन द्वन्द्व र हुथी आक्रमणका कारण समुद्री सुरक्षामा खतरा समावेश छ । एएनआई

# ‘सूचना प्रविधि पूर्वाधारको पहिलो सर्त’

**सुर्खेत ।**
कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले सूचना प्रविधिको स्वरुप बदलिएकाले यसको महत्व झनै बढेको बताएका छन ।
आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आइसिटी फाउन्डेसनको संयुक्त आयोजनामा मंगलवार आयोजित ‘डिजिटल कर्णाली कन्लेक्भ’मा उनले भने, ‘हिजो पनि जो सूचना र प्रविधिले बलियो थियो, संसार उसकै हातमा थियो । आधुनिक इतिहास हेर्दा पनि जोसँग सूचना र प्रविधि छ, ऊ नै महान् बनेको बिर्सन सकिँदैन ।’
अहिलेको युग डिजिटल प्रविधि र सूचनाको युग भएकाले मुख्यमन्त्री कँडेलले मान्छेको हातमा कुरा गर्न मिल्ने मोबाइल मात्रै नभएर सिङ्गो संसारका गतिविधि नियाल्न मिल्ने सुविधा रहेको बताए ।
कन्क्लेभमा मंगलवार भएका विभिन्न प्रस्तुतिहरुमा कर्णालीमा ‘डिजिटाइजेसन’का चुनौतीहरुबारे सान्दर्भिक विषयहरु उठिरहेको र पहिलो सर्तका रुपमा पूर्वाधार आवश्यक रहेको उनको भनाइ छ ।
कर्णालीमा ब्रोडब्यान्ड इन्टरनेट, मोबाइल टावर, नियमित बिजुली अझै धेरै स्थानमा कमजोर भएकाले ठूलो सङ्ख्या डिजिटल साक्षरताबाट वञ्चित भएको उनले बताए । सूचना, प्रविधिको जनतासम्म गुणस्तरीय पहुँच अझै पुग्न नसकेको उनको भनाइ छ । यही कारणले धनी र गरिबबीचको खाडल अर्थात् ‘डिजिटल डिभाइड’को अवस्थाबाट गुज्रिरहेको उनले बताए ।
कर्णाली प्रदेशका विद्यालयहरूलाई नमूनाका रुपमा विकास गर्दै डिजिटल शिक्षा सुरु हुने क्रममा रहेको जानकारी दिए । डिजिटल पूर्वाधार, डिजिटल शिक्षा र डिजिटल पहुँच बिनाको समावेशी विकास गर्न नसकिने भएकाले सबैले हातेमालो गरेर अगाडि बढनुपर्ने मुख्यमन्त्री कँडेलले बताए ।रासस

# ऊर्जामन्त्री खड्का र भारतीय समकक्षीद्वारा अरुण तेस्रो आयोजनाको अवलोकन

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत्, आवास तथा शहरी मामिलामन्त्री मनोहरलाल खट्टरले अरुण तेस्रो जलविद्युत् आयोजनाको स्थलगत अवलोकन गरेका छन ।
दुईदिने भ्रमणका क्रममा मंगलवार नेपाल आएका खट्टरले भारतीय लगानीमा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजनाको पावर हाउस र बाँध क्षेत्रको स्थलगत अवलोकन गरेका हुन । सोही अवसरमा उनहरूले आयोजनाको ‘युनिट–२’ को संयुक्त रूपमा उद्घाटन गर्नाका साथै वृक्षरोपण गरे ।
अवलोकनका क्रममा मन्त्रीद्वयले हालसम्मको आयोजनाको प्रगति र आयोजना निर्माणका क्रममा



देखिएका समस्याका बारेमा ठेकेदार कम्पनीसँग जानकारी लिएका थिए ।
ऊर्जामन्त्री खड्काले नेपालको ऊर्जा क्षेत्रको विकासमा भारत सरकारले गरेको सहयोगप्रति धन्यवाद दिए । ‘अरुण तेस्रो देशकै महत्वपूर्ण जलविद्युत् आयो‌जना भएकाले सरकारले यसलाई उच्च प्राथमिकता दिएको छ, सरकारले कुनै कमी हुन दिँदैन,’ मन्त्री खड्काले भने ।
भारतका विद्युतमन्त्री खट्टरले नेपाल जलविद्युतको क्षेत्रमा अपार सम्भावना भएको मुलुक भएकाले ऊर्जा क्षेत्रबाटै समृद्धि हासिल गर्न सकिने बताए । उनले अरुण तेस्रो जलविद्युत् आयोजना चाँडो सम्पन्न गर्न सके दुवै देशलाई फाइदा हुने भएकाले समयमै सक्नुपर्नेमा जोड दिए । भारत सरकार नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न तयार रहेको उनको भनाइ थियो ।
सङ्खुवासभाको मकालु र चिचिला गाउँपालिकाको सिमानामा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजना ९०० मेगावाट क्षमताको छ । उक्त आयोजना विसं २०७५ वैशाखमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा शिलान्यास गरेका थिए । एक खर्ब चार अर्ब रुपैयाँ लागतमा निर्माण सम्पन्न हुने उक्त आयोजना निर्माणको ठेक्का भारतीय सतलज हाइड्रोपावर कम्पनीले लिएको छ ।रासस

# मेरो उमेर र स्वास्थ्यको चिन्ता कसैले गर्नुपर्दैनः प्रधानमन्त्री




**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो उमेर र स्वास्थ्यका बारेमा कसैले चिन्ता लिनुनपर्ने बताएका । नेपाल कम्युनिष्ट पार्टीको ७६औँ स्थापना दिवसका अवसरमा मंगलवार आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले आफू अहिले बुढो नभएको र अस्वस्थ्य नरहेको स्पष्ट गरे ।
‘कतिपयलाई मेरो उमेर र मेरो स्वास्थ्यको चिन्ता छ । अहिले म बिरामी छैन । अबको २०–२५ वर्षपछि बुढो हुन्छु । कसैले हतार गरेर हुँदैन । मलाई मेरो उमेर र स्वास्थ्यका कुरा गर्नुपर्दैन ।
केपी ओली बिनाको एमाले कसैले कल्पना गरेको छ, भने त्यो पूरा हुँदैन,’ प्रधानमन्त्री ओलीले भने, ‘कसैले एमाले बिनाको देशको पनि कल्पना गरेका छन् । केपी ओली बिनाको एमाले किन खोजेको होला ? तिनको मनसाय राम्रो भए त म सरक्क छोडिदिने थिएँ । एमाले बिनाको नेपाल हेरौँला, मिसन २०८४ मा, हामी झन् बलियो भएर आउनेछौँ ।’
अध्यक्ष ओलीले एमाले अस्तित्वको निम्तिको लडाइँमा नभइ विजयको यात्रामा रहेको जनाउँदै मिसन २०८४ बाट निर्णायक राष्ट्रिय शक्तिमा रूपान्तरण भएर आउने उद्घोष गरे ।
गणतन्त्रलाई नमूनाका रूपमा स्थापित गर्दै विकास र सुशासन तथा समृद्ध नेपाली सुखी नेपालीको महान उद्देश्यप्रतिको नेतृत्वको दृढता र सक्रियताले पार्टी र आन्दोलनलाई कमजोर हुन नसक्ने पुष्टि भइसकेको उल्लेख गर्दै अध्यक्ष ओलीले राणा शासन, पञ्चायत र निरङ्कुश राजतन्त्रसँग जुध्नुका साथै सबै प्रकारका हमला हुँदा प्रमुख शक्तिका रूपमा स्थापित भएको पार्टी एमाले भएकाले कुनै पनि प्रकारको दुविधा मनमा नलिन र आत्मविश्वासका साथ अगाडि बढ्न आग्रह गरे ।
प्रधानमन्त्री ओलीले समाज बिगार्ने, राष्ट्रलाई नोक्सान गर्ने शक्तिले कम्यु‌निष्ट आन्दोलन ध्वस्ता बनाउन षड्यन्त्रकारीबाट परिचालित भएर दुई तिहाइको अवस्थामा पुगेको पार्टीलाई विभाजन गराए पनि आफूहरूले आन्दोलनलाई पुनःगठित बनाउँदै जनताको सबैभन्दा लोकप्रिय पार्टीमा स्थापित गराएको बताए ।
‘हामी विकास र सुशासनको बाटोमा अगाडी बढेका छौँ । बिग्रिएको स्थितिलाई सपार्न सजिलो छैन तर हामी गर्न खोजिरहेका छौँ । हामी जनतालाई बलियो बनाउन सरकारलाई बलियो बनाउन चाहान्छौँ । आगामी नयाँ बजेट, नीति कार्यक्रम त्यसरूपमा ल्याउँदैछौँ’, अध्यक्ष ओलीले भने, ‘हामीले लडेर ल्याएको लोकतान्त्रिक गणतन्त्र र संविधान नमान्नेलाई एक्काइशौँ शताब्दीमा श्रीपेच लगाउने र जनतालाई हुकुमी शासन दिने राजा चाहिएको छ ।
जनताले ल्याएको लोकतन्त्र नमान्ने, संविधान नमान्ने, संवैधानिक राजतन्त्र खोज्ने ? राजतन्त्रको भुलभुलैमा नभुलौँ । नयाँ शक्ति भन्नेहरूको तमासा पनि देखिइसकिएको छ । त्यसकारण हामी दृढताका साथ न्याय र समानतासहितको राष्ट्र निर्माणमा अग्रसर होऔँ ।’
प्रधानमन्त्री ओलीले हालै आफ्नो थाइल्याण्डमा भ्रमणका क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग लामै र बहुत राम्रो कुराकानी भएको अवगत गराउँदै नेपालको कुनै पनि मुलुकसँग शत्रुता नरहेको र सबैसँग मित्रता रहेको स्पष्ट गरे ।रासस

# जलवायु परिवर्तनले पीडित थामेवासीलाई सहयोग गर्न सरकार प्रतिबद्ध छः प्रधानमन्त्री ओली

**सोलुखुम्बु ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले जलवायु परिवर्तनका कारण दुःख, कष्ट झेलिरहेका थामे क्षेत्रका बासिन्दालाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन । ‘सगरमाथा संवाद’को पूर्वसन्ध्या सगरमाथा क्षेत्रको थामे गाउँमा आयोजित ‘आरोही सम्मेलन, जलवायु न्यायका लागि संवाद’ विषयक सम्मेलनलाई मंगलवार शुभकामना दिनुहुँदै थामेवासीलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन ।
प्रधानमन्त्री ओलीले शुभकामना सन्देशमार्फत थामेमा आयोजित जलवायुपरिवर्तनसँग यस किसिमको सम्मेलनबाट प्राप्त निष्कर्षले ‘सगरमाथा संवाद’को छलफललाई



सार्थक र परिणाममुखी बनाउने आशा व्यक्त गरेका छन ।
अन्तरराष्ट्रिय पृथ्वी दिवसका अवसरमा जलवायु न्यायको क्षेत्रमा काम गर्दै आएको संस्था ‘साथसाथै फाउन्डेसन’ले तिनै तहको सरकारको प्रत्यक्ष संलग्नतामा बाढी प्रभावित क्षेत्र थामेमा ‘आरोही सम्मेलन, जलवायु न्यायका लागि संवाद’ शीर्षकको कार्यक्रम आयोजना गरेको छ ।
उक्त कार्यक्रममा रक्षामन्त्री मानवीर राई, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, कतारकी राजकुमारी तथा सगरमाथा आरोही आस्मा अलथानीसहितको सहभागिता रहेको छ ।
तीन हजार ८०० मिटरको उचाइमा रहेको हिमपहिरोले क्षतिग्रस्त बस्ती थामेमा आयोजित सम्मेलनमा विश्वविख्यात आरोही मिङमा डेबिड शेर्पा, कान्छो आरोही तेम्बा छिरी शेर्पासहितका पर्वातारोहीहरू समेत उपस्थित छन ।
खुम्बु पासाङ ल्हामु गाउँपालिका, कोशी प्रदेश सरकारको पर्यटन वन तथा वातावरण मन्त्रालय र सङ्घ सरकारको वन तथा वातावरण मन्त्रालयको सहकार्यमा सो संस्थाले ‘सगरमाथा संवाद’को पूर्वसन्ध्यामा थामेमा जलवायु परिवर्तनसम्बन्धी सम्मेलन आयोजना गरेको हो । नेपाल पर्यटन बोर्ड, नेपाल पर्वतारोहण सङ्घसहित विभिन्न सङ्घसंस्थाको समेत सो सम्मेलनमा सहकार्य रहेको छ ।रासस

# पशु प्रजनन कार्यालयको खेतीयोग्य जमिन कटानमा



**बाँके ।**
खजुरा गाउँपालिका–२ गौघाटस्थित राष्ट्रिय पशु प्रजनन कार्यालयको खेतीयोग्य जमिन मानखोलाको कटानमा पर्दै आएको छ ।
तटबन्ध हुन नसक्दा करिब दुई बिघा खेतीयोग्य जमिन मानखोलाले कटान गरेर क्षति पु¥याएको राष्ट्रिय पशु प्रजनन कार्यालय गौघाटका प्रमुख वरिष्ठ पशुविकास अधिकृत डा खिमानन्द खनालले बताए ।
‘धेरै वर्षदेखि मानखोलाले जमिन कटान गर्दै आएको थियो । पछिल्लो दुईवर्षमा तीव्र कटान हुन थालेको छ’, उनले भने, ‘पछिल्लो वर्षमा मात्रै करिब डेढ बिघा खेतीयोग्य जमिन मानखोलाले कटान गरेर बगाएको छ ।’
यो वर्ष तटबन्धन गर्न नसकिए थप दुई बिघा जमिन कटानको जोखिममा रहेको खनालले जानकारी दिए । दुई वर्षसम्म पनि तटबन्धन गर्न नसकिए मानखोलाले पशु प्रजनन कार्यालय सँगसँगै गुराँसपुर बस्तीमा पस्ने खतरा बढ्दै गएको उहाँले बताए ।
कटान रोकथामका लागि पटकपटक मन्त्री, सचिव, महानिर्देशक र सरोकार भएका निकायमा पहल गरे पनि आवश्यक बजेट उपलब्ध हुन नसक्दा समस्या बढ्दै गएको उनको गुनासो छ । उनका अनुसार यहाँ गरिँदै आइएको जौ घाँस र डाले घाँसको रुख बर्खामा आउने बाढीले कटान गरेर लैजाने गरेको छ ।
कटान रोक्न तटबन्धको व्यवस्था नभए मानखोला खेतीयोग्य जमिनमा पसेर ठूलो धनजनको क्षति पु¥याउने कार्यालयका पशुसेवा प्राविधिक देवनारायण जैशीले बताए । उना अनुसार जिल्ला सदरमुकाम नेपालगञ्जबाट १५ किलोमिटर पश्चिमतर्फ रहेको खजुरा–२ गौघाटमा करिब ३४ दशमलव चार हेक्टर क्षेत्रफलमा कार्यालय अवस्थित छ । दुई हेक्टरमा वन जङ्गल, दुई हेक्टरमा कार्यालय संरचना र २५ हेक्टर जमिनमा घाँस खेती गरिएको उनले जानकारी दिए ।यस कार्यालयमार्फत सुदूरपश्चिम र कर्णाली प्रदेशका नौ–नौ वटा र लुम्बिनी प्रदेशका छ जिल्ला गरी कूल चौबिस जिल्लामा कृत्रिम गर्भाधान सेवा सञ्चालनमा सहजीकरण गर्दै आएको छ ।रासस

# पाल्ही बहुमुखी सहकारी संस्थामा ८५ लाख बढी हिनामिना

**नवलपरासी**
पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका–४ मा सञ्चालित पाल्ही बहुमुखी सहकारी संस्था लिमिटेडको ८५ लाख ८० हजार ७५५ रुपैयाँ सञ्चालक समितिले हिनामिना गरेको छ ।
सहकारी सञ्चालक समितिका १५ जनाको मिलेमतोमा करिब रु ८६ लाख रकम हिनामिना भएको हो ।
जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरदत्त पन्तले सहकारीको रकम हिनामिनासम्बन्धी कसुर मुद्दा नवलपरासी जिल्ला अदालतमा दर्ता भएपछि प्रतिवादी सुरेश चौधरी (कुर्मी), वीरेन्द्रकुमार यादव र रामसेवक चौधरी (कुर्मी) ले जनही पाँच लाख रुपैयाँ धरौटी राखेर तारेखमा बसेका जानकारी दिए ।
‘सहकारी संस्थाका सञ्चालक समितिका अध्यक्ष राजकिसोर गुप्ता (तेली), उपाध्यक्ष नाथु माली, सदस्य कमलादेवी कहार, सञ्जय कुर्मी, रवीन्द्र पासी, लेखा संयोजक सन्तराम यादव, जानकी देवी कुर्मी, इजहार धुनिया, प्रमोद यादव, सुग्रिम तिवारी, रामानन्द यादव र व्यवस्थापक मुनलाल यादव हाजिर हुनुभएको छैन’, जिल्ला अदालतका सूचना अधिकारी भेषराज खनालले भने ।
उनका अनुसार सहकारीको रकम हिनामिनासम्बन्धी कसुर मुद्दा दर्ता भएपछि मुद्दामा उल्लेख गरिएका १५ जनालाई जिल्ला अदालतले पक्राउ पुर्जीसहित ३५ दिनभित्र अदालतमा हाजिर हुन आउनु भनी पत्र पठाइएको छ ।
उक्त सहकारीको रकम हिनामिनासम्बन्धी कसुर मुद्दामा तीन जना हाजिर भएका जिल्ला सरकारी वकिल कार्यालयका सूचना अधिकारी काशीराम लोधले बताए ।
उनका अनुसार सहकारी दर्ता रहेको राप्ती उपत्यका दाङ (देउखरी) को पत्रबाट मुस्तफा शेखको जाहेरीले वादी नेपाल सरकार भएर जिल्ला अदालतमा सहकारीको रकम हिनामिनासम्बन्धी कसुर मुद्दा दर्ता भएको छ ।
सहकारीको रकम हिनामिनासम्बन्धी कसुर ठहर भएमा बिगो बराबरको जरिवाना र तीन वर्षसम्म कैद हुने सहकारी ऐन, २०७४ को दफा १२४ मा व्यवस्था रहेको सरकारी वकिल कार्यालयका सूचना अधिकारी लोधले जानकारी दिए ।रासस

# गभर्नर सिफारिस समितिबाट भट्टराइले दिए राजीनामा

**काठमाडौं ।**
नेपाल राष्ट्र बैङ्कका लागि गभर्नर छनोट थप पेचिलो बन्दै गएको छ ।
गभर्नर सिफारिस समितिका सदस्य तथा पूर्व गभर्नर विजयनाथ भट्टराईले असन्तुष्टी जनाउँदै मंगलवार राजीनामा दिएका हुन् ।
मन्त्रिपरिषद्ले गत चैत ११ गते उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलको संयोजकत्वमा गठन गरेको सिफारिस समितिमा पूर्व गभर्नरका रूपमा भट्टराईसहित विश्व पौडेल सदस्यको जिम्मेवारीमा थिए ।
एक महिनासम्म एउटा बैठकसमेत बस्न नसकेको भन्दै उनले राजिनामा दिएको बताएका छन । समितिको भूमिकालाई नजरअन्दाज गरिएको भन्दै उनले असन्तुष्टी जाहेर गरिरहेको अवस्थामा उनको राजिनामा आएको हो ।

# राजविराजमा दोश्रो चरणको आन्दोलन घोषणा

**मनोज माझी**
**राजविराज ।**
लालपूर्जा पाउने आशामा झण्डै ६५ वर्षदेखि संघर्षरत बिटौरी र ब्लक जग्गामा बसोबास गर्दै आएका राजविराज नगरपालिकाका ५ हजार भन्दा बढी परिवारले फेरि आन्दोलन चर्काउने तयारी गरेका छन् । प्रथम चरणमा बजार बन्द र विरोध प्रदर्शनका कार्यक्रम गरेका राजविराज नगरबासी पीडित संघर्ष समितिले मंगलबार राजविराजको मुटुमा रहेको गजेन्द्र चोकमा पत्रकार सम्मेलन गरी दोश्रो चरणको आन्दोलन घोषणा गरेको हो ।



प्रथम चरणको आन्दोलनक्रममा स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुख र सरोकारवाला निकायका प्रमुखको उपस्थितिमा २०८१ फागुन १८ गते भएको सहमति कार्यान्वयनमा ढिलाइ भएको भन्दै नगरबासीका तर्फबाट गठित संघर्ष समितिले दोश्रो चरणको आन्दोलन घोषणा गरेको हो । संघर्ष समितिका संयोजक इर्शाद अन्सारीका अनुसार माग पूरा गराउन थप दबाब दिने उद्देश्यले वैशाख १८ गते नगर क्षेत्रका सबै घर र पसलमा कालो झण्डा झुण्ड्याइने छ । यस्तै, वैशाख १९ गते गजेन्द्र चोकमा मागका पक्षमा हस्ताक्षर संकलन अभियान, वैशाख २१ गते नापी कार्यालयमा कामकाज ठप्प पार्ने गरी धर्ना र वैशाख २२ गते राजविराज नगरपालिका कार्यालयमा धर्ना दिने कार्यक्रम घोषणा गरिएको छ ।

पत्रकार सम्मेलनमा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिव नारायण साहले ५ हजार भन्दा बढी परिवारको पीडासँग जोडिएको लालपूर्जाको समस्या अविलम्ब सरकारले समाधान नगरे भविष्यमा आन्दोलनले गम्भीर अवस्था उत्पन्न गराउने संकेत गर्दै सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराए । २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाबाया रहेका ५ हजार २ सय परिवार वर्षौंदेखि लालपूर्जा पाउन सकेका छैनन् । मालपोत कार्यालयबाट विगत ८ वर्षदेखि रोक्का प्रकृया तथा राजविराज नगरपालिका कार्यालयबाट नक्सापासलगायतका कार्य बन्द भएपछि स्थानीय समस्यामा परेको संघर्ष समिति तथा वार्ता समितिका सदस्य दीपेन्द्र चौधरीको भनाइ छ ।

संघर्ष तथा वार्ता समितिका अर्का सदस्य शम्भुलाल देवले नापी कार्यालयका प्रमुखले रकम लिएर केही व्यक्तिलाई लालपूर्जा प्रदान गरिसकेको दाबीका साथ प्रकृया पूरा गरेर बिटौरी र ब्लक जग्गाबाहक सबैलाई लालपूर्जा नदिए आन्दोलनलाई उनीविरुद्ध नै केन्द्रित बनाउने चेतावनी दिए । उनले आन्दोलनबाटै समस्या समाधान हुने भन्दै सबैलाई सहयोग र समर्थन गर्न आग्रह गरे । नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्सालीले माग पूरा नभएसम्म आन्दोलन नरोकिने भन्दै सम्पूर्ण नगरबासी संगठित भई अघि बढे सफलता निश्चित हुने बताए ।

संघर्ष समितिले नगरका बिटौरी र ब्लक जग्गामा पुस्तौंदेखि बसोबास गर्दै आएका ५ हजार भन्दा बढी परिवारलाई लालपूर्जा प्रदान गरिनु पर्ने, राजविराज बसपार्क सञ्चालन, सीमानाका क्षेत्रमा विषादी परिक्षणका लागि क्वारेन्टाइन व्यवस्था, लामो समयदेखि बन्द छोटी भन्सार कार्यालयको सञ्चालन, लामखुट्टे नियन्त्रणका लागि औषधी छर्कने व्यवस्था, हटियामा निर्माणाधीन कप्लेक्स अविलम्ब निर्माण सकाएर व्यापारीलाई हस्तान्तरणलगायतका ८ बुँदे माग अघि सारेका छन् ।




**नेपालको समृद्धिमा भारतको भूमिकाः** सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादव मङ्गलबार स्वतन्त्र युवा प्रजातान्त्रिक सङ्घ नेपालले जनकपुरधाममा गरेको 'नेपालको समृद्धिमा भारतको भूमिका' विषयक विचार गोष्ठीमा सहभागी हुँदै । तस्बिरः निरञ्जनकुमार साह–रासस

# पचरौतामा सूचनामा पनि भ्रष्टाचार गरेको भन्दै भ्रष्टाचारको मुद्दा

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको पचरौता नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित ३ जनाविरुद्ध भ्रष्टाचार अभियोगमा मुद्दा दायर गरेको छ ।

नगरपालिकाले सार्वजनिक खरिद ऐन छलेर विज्ञापन प्रकाशित नगरी आर्थिक अनियमितता गरेको भन्दै पालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादव र लेखापाल हासिम मियाँ अन्सारीविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर भएको हो । नगरपालिकाबाट आर्थिक वर्ष २०७७–७८ मा सञ्चालन भएका ठेक्काको बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐनबमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा पचरौता नगरपालिकाको ठेक्काको अभिलेखमा राख्न मात्रै काठमाडौँको प्रभाव दैनिक पत्रिकामा एकप्रति मात्र बोलपत्र आह्वानको सूचना प्रकाशित गरेको पाइएको छ ।

अनुसन्धानकाक्रममा विवरण नगरपालिकामा पेश गर्न लगाई झुट्टा विवरणसहितको पत्रिकाका आधारमा ३ लाख ५२ हजार ५ सय ६० रुपैयाँ भुक्तानी दिएको पुष्टि भएको आयोगका प्रवक्तासमेत रहेका सहसचिव राजेन्द्र पौडेलले जानकारी दिए ।

उनका अुनसार तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत यादव र लेखापाल अन्सारीको यो कार्य भ्रष्टाचारजन्य कसूर भएकाले ३ लाख ५२ हजार ५ सय ६० रुपैयाँ बिगो कायम गर्दै कैद र बिगोबमोजिम जरिवाना सजाय गरी बिगो असुल गर्न मागदाबी गरिएको छ ।

# भारतीय विद्युत् मन्त्री काठमाडौँमा अरुण तेस्रो अवलोकन



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत्, आवास तथा शहरी मामिलामन्त्री मनोहरलाल खट्टरले अरुण तेस्रो जलविद्युत् आयोजनाको स्थलगत अवलोकन गरेका छन् ।

दुईदिने भ्रमणक्रममा मंगलबार नेपाल आएका खट्टरले भारतीय लगानीमा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजनाको पावर हाउस र बाँध क्षेत्रको स्थलगत अवलोकन गरे । आयोजनाको 'युनिट–२' को संयुक्त रुपमा उद्घाटन गरे । अवलोकनक्रममा मन्त्रीद्वयले हालसम्मको आयोजनाको प्रगति र आयोजना निर्माणका क्रममा देखिएका समस्याका बारेमा ठेकेदार कम्पनीसँग जानकारी लिए । ऊर्जामन्त्री खड्काले नेपालको ऊर्जा क्षेत्रको विकासमा भारत सरकारले गरेको सहयोगप्रति धन्यवाद दिए । 'अरुण तेस्रो देशकै महत्वपूर्ण जलविद्युत् आयोजना भएकाले सरकारले यसलाई उच्च प्राथमिकता दिएको छ, सरकारले कुनै कमी हुन दिँदैन,' मन्त्री खड्काले भने । भारतका विद्युत्मन्त्री खट्टरले नेपाल जलविद्युत्को क्षेत्रमा अपार सम्भावना भएको मुलुक भएकाले ऊर्जा क्षेत्रबाटै समृद्धि हासिल गर्न सकिने बताए । उनले अरुण तेस्रो जलविद्युत् आयोजना चाँडो सम्पन्न गर्न सके दुवै देशलाई फाइदा हुने भएकाले समयमै सक्नुपर्नेमा जोड दिए । भारत सरकार नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न तयार रहेको उनको भनाइ थियो । संखुवासभाको मकालु र चिचिला गाउँपालिकाको सिमानामा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजना ९ सय मेगावाट क्षमताको छ । आयोजना विसं २०७५ वैशाखमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा शिलान्यास गरेका थिए । एक खर्ब चार अर्ब रुपैयाँ लागतमा निर्माण सम्पन्न हुने आयोजना निर्माणको ठेक्का भारतीय सतलज हाइड्रोपावर कम्पनीले लिएको छ ।भारतका विद्युत् र आवास तथा शहरी मामिलामन्त्री मनोहरलाल खट्टर नेपालको दुईदिने भ्रमणका क्रममा मंगलबार काठमाडौँ आएका हुन् । यसैगरी नेपाल र भारतको संयुक्त लगानीमा निर्माण गर्न लागिएको लम्की–बरेली र इनरुवा–पूर्णिया प्रसारण लाइनसँग सम्बन्धित काठमाडौँमा हुने सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा मन्त्री खट्टर सहभागी भएका छन् । दुईदिने भ्रमणक्रममा खट्टरले प्रधानमन्त्री केपी शर्मा ओली र उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहसँग शिष्टाचार भेटघाट गर्नेछन् । यसैगरी नेपाल भ्रमणका क्रममा उनले मुस्ताङ र पशुपतिनाथको समेत धार्मिक यात्रा गर्नेछन् ।

# अर्जेन्टिना र टर्कीबाट ल्याइएको मकै भारततिर तस्करी

**मधेशदृष्टि**
**सर्लाही ।**
विदेशबाट आयात गरिएको मकै सर्लाहीको विभिन्न नाकामार्फत भारततर्फ अवैध रूपमा तस्करी हुने गरेको पाइएको छ । विशेषगरी अर्जेन्टिना र टर्कीबाट झापा नाका हुँदै भित्र्याइएको मकै सर्लाही सदरमुकाम मलंगवाको पूर्वी सीमा पर्सा गाउँपालिकाको सखुअवा क्षेत्र हुँदै भारत पु¥याइने गरेको सुराकीपछि सशस्त्र प्रहरी सक्रिय बनेको छ । सशस्त्र प्रहरी बल सर्लाहीका अनुसार, भारत सीमा नजिकैको सखुअवाको एउटा टिनको घरमा ठूलो परिमाणमा मकै भण्डारण गरिएको सूचना पाएपछि डिएसपी सुमन ढुंगानाको टोली त्यस स्थानमा पुगेको थियो । टोलीले छापा मार्दा २५–२५ केजीका करिब ४ सय बोरा मकै फेला पारेको थियो । तर, मकै नियन्त्रणमा लिन खोज्दा स्थानीयसहित भारतीय नागरिकको कडा विरोध भएपछि प्रहरीले पछि हट्नु परेको थियो । सशस्त्र प्रहरीले केही बोरा मकै पिकअप भ्यानमा राखिसकेको थियो । तर, विरोध चर्किएपछि मकै छोडेर टोली फर्किएको स्रोतको भनाइ छ ।

घटनापछि राजस्व अनुसन्धान कार्यालय पथलैया बाराबाट गएको टोलीले गोदाम सिल गरी मकैसम्बन्धी कागजात संकलन गरेर अनुसन्धान थालेको छ । राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरि शर्माका अनुसार, ठूलो परिमाणमा मकै सीमाक्षेत्रको घरमा भण्डारण गरिएको सूचनाका आधारमा टोली पठाइएको हो । सशस्त्र प्रहरी बल नम्बर १० गणका गणपति एसपी देवबहादुर चन्दका अनुसार, राजस्व अनुसन्धान टोली घटनास्थल पुगेपछि मकैको जिम्मा राजस्वलाई हस्तान्तरण गरिएको हो ।

# कक्षा १२ को परीक्षा वैशाख २१ गतेदेखि हुने

**भक्तपुर ।**
वैशाख ११ गतेदेखि सञ्चालनको तयारी गरेको कक्षा १२ को परीक्षा १० दिन पछाडि सरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको सुझावअनुसार राष्ट्रिय परीक्षा बोर्डले मंगलबार साँझ बैठक बसेर कक्षा १२ को परीक्षा ११ गतेदेखि सारेर वैशाख २१ गतेदेखि सञ्चालन गर्ने निर्णय गरेको छ ।

बोर्डका अध्यक्ष महाश्रम शर्माले कक्षा १२ को परीक्षा वैशाख ११ गतेदेखि सारेर २१ गतेदेखि सञ्चालन गर्ने निर्णय गरेको जानकारी दिए । बिहान बोर्डको बैठक बसेर निजामति कर्मचारी परिचालन गरेर भए पनि आउँदो बिहीबार ११ गतेदेखि नै परीक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो । यद्यपि निजामति कर्मचारीले पनि परीक्षामा सहयोग नगर्ने र शिक्षकबिना परीक्षा सञ्चालन गर्ने निर्णय बिबादमा आएपछि बोर्डका पदाधिकारीले दिनभर शिक्षा मन्त्रालय र सरकारका विभिन्न निकायका प्रतिनिधिसँग छलफल गरेका थिए । साँझ बोर्डका अध्यक्ष शर्मासहितको टोली प्रधानमन्त्री केपी ओलीसँग बालुवाटार पुगेर छलफल गरेपछि प्रधानमन्त्रीले केही दिन परीक्षा सार्न निर्देशन दिनुभएको र सोही निर्देशनअनुसार बोर्डको बैठक बसेर परीक्षा सारेर वैशाख २१ गतेदेखि परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो । यसअघि बिहानको बोर्ड बैठकले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लामा रहेको जिल्ला परीक्षा समन्वय समितिलाई सम्पूर्ण जिम्मा दिएर कर्मचारी परिचालन गरी परीक्षा गर्ने निर्णय गरेको थियो । चैत २० गतेदेखि आफ्ना विभिन्न माग राखेर शिक्षक महासङ्घले काठमाडौँ केन्द्रित आन्दोलन जारी राख्दै शैक्षिक हडताल गरेपछि कक्षा १२ को परीक्षा प्रभावित बन्न पुगेको हो ।

यसवर्ष कक्षा १२ को परीक्षामा करिब पाँच लाख विद्यार्थी सहभागी हुनेछन् । परीक्षाका लागि एक हजार ५ सय ९१ परीक्षा केन्द्र तय गरिएको छ । परीक्षाका लागि त्यति नै सङ्ख्यामा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष तथा विद्यार्थी सङ्ख्याको आधारमा करिब दुई हजार कर्मचारी, प्रत्येक परीक्षा केन्द्रमा कम्तीमा एकजना कार्यालय सहयोगी र २० हजार सुरक्षाकर्मी परिचालन गर्ने तयारी बोर्डले गरेको थियो ।

# राजावादीको प्रदर्शन

**मधेशदृष्टि**
**राजविराज ।**
संघीयता खारेजी, हिन्दूराष्ट्र घोषणा, राजतन्त्र पुनःस्थापना तथा पक्राउ परेका आफ्ना नेता–कार्यकर्ताको रिहाइ माग गर्दै मंगलबार सप्तरी सदरमुकाम राजविराजमा राजावादीहरुले प्रदर्शन गरेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीको अगुवाइमा राजावादीहरुले प्रदर्शन गरेका हुन । 'राजा आऊ देश बचाऊ, हिन्दूराष्ट्र घोषणा गर, संघीयता खारेज गर, आन्दोलनक्रममा केही दिनअघि पक्राउ परेका आफ्ना नेता–कार्यकर्ता रिहा गर'लगायतका नाराबाजी गर्दै नगर क्षेत्रमा प्रदर्शन गरिएको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष उम्देश्वर साह, केन्द्रीय सदस्य जया महतो, गत स्थानीय तह निर्वाचनमा राजविराज नगरपालिकामा राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट




मेयर पदका उम्मेदवार रहेका उमेश प्रसाद साह, युवा नेता सुरेश साहका साथै स्थानीयको उल्लेख्य सहभागिता थियो । प्रदर्शनक्रममा प्रधानमन्त्रीको राजीनामा माग्नुका साथै सरकारविरुद्ध चर्को नाराबाजीसमेत गरिएको थियो । नगर परिक्रमापश्चात जिल्ला प्रशासन कार्यालय पुगेको राष्ट्रिय प्रजातन्त्र पार्टीको नेतासहितको टोलीले जिल्ला प्रशासन कार्यालयमा केहीबेर धर्ना बसेर प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्रसमेत बुझाएको छ ।

टोलीले प्रमुख जिल्ला अधिकारी दाहालका साथै सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुको हातहातमा उपहारस्वरुप पूm ल प्रदान गरेका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन